# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
(लुम्बिनी प्रदेश)

# वार्षिक प्रतिवेदन
(आ.व.२०७९/८०)




## नेपाल राष्ट्र बैंक
## सिद्धार्थनगर कार्यालय
(२०८० पुस)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरेका उद्देश्यहरु हासिल गर्न तथा नेपाल सरकारको आर्थिक सल्लाहकारको भूमिका निर्वाह गर्न नेपाल राष्ट्र बैंकले देशको समष्टिगत अर्थतन्त्रमा प्रभाव पार्ने कृषि, सिँचाई, उद्योग, वन, पुर्वाधार, सेवा लगायतका क्षेत्रहरु एवम समग्र आर्थिक स्थायित्वमा प्रभाव पार्ने वित्तीय अवस्था, मुद्राप्रदाय, मूल्य स्थिरता, शोधनान्तर अवस्था जस्ता क्षेत्रहरुमा अध्ययन/अनुसन्धान गर्ने गर्दछ। देश संघीय संरचनामा प्रवेश भएसँगै यस बैंकका प्रादेशिक कार्यालयहरुबाट सम्बन्धित प्रदेशको समग्र आर्थिक अवस्थाको वारेमा अध्ययन/अनुसन्धान गरी **प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन** तयार गर्ने र त्यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी प्रत्येक आर्थिक वर्षमा दुई पटक प्रकाशन गर्ने कार्य सम्पन्न हुँदै आएको छ।

यसै सिलसिलामा लुम्बिनी प्रदेशस्थित १२ वटा जिल्लाहरु रुपन्देही, कपिलवस्तु, नवलपरासी (ब.सु.प.), पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, रुकुम पूर्व, रोल्पा र प्यूठानलाई समेटी यस बैंकको प्रादेशिक कार्यालय भैरहवाले लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७९/८० को वार्षिक (२०७९ साउन देखि २०८० असार मसान्तसम्म) आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गरेको छ। यस प्रतिवेदनले लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लाहरुको कृषि, उद्योग, सेवा, पूर्वाधार लगायत अन्य विषयहरु समेटी निर्दिष्ट ढाँचामा आर्थिक वर्ष २०७९/८० को वार्षिक तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण गर्नुका साथै अर्थतन्त्रका विविध पक्षहरुका सम्भावना र चुनौतिहरु तथा सरोकारवालाले देखेका समस्यालाई समेटेको छ। यो प्रतिवेदन तयार गर्दा प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग भएको छ। यो प्रतिवेदन नेपालको अर्थतन्त्रमा सरोकार राख्ने सरकारी निकाय, निजी क्षेत्र, शोधकर्ता, विद्यार्थी, नीति निर्माण कार्यमा संलग्न तीनै तहका सरकार लगायतका सरोकारवालाहरुलाई उपयोगी हुने मैले विश्वास लिएको छु।

प्रतिवेदन तयार गर्ने क्रममा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने लुम्बिनी प्रदेश अन्तर्गतका मन्त्रालय तथा मातहतका कार्यालयहरु, जिल्ला स्तरीय सरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु। यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने उप-निर्देशक श्री छविलाल घिमिरेलाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी, प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायक निर्देशकहरु श्री सुसिल खनाल, श्री सन्तोष गुप्ता, श्री देवराज ज्ञवाली, प्रधान सहायक श्री पदमराज भुसाल, प्रधान सहायक श्री कमल प्रसाद आचार्य र सहायक श्री दिक्षा अर्याल एवम् आर्थिक अनुसन्धान इकाई नेपालगञ्ज टोलीका उप-निर्देशक श्री राम कुमार कार्की, सहायक निर्देशक श्री लवली श्रीवास्तव, सहायक निर्देशक श्री दिपेश यादव, प्रधान सहायक श्री विष्णु बहादुर के.सी., सहायक श्री मिनराज शर्मा र श्री रवि कनौजियालाई समेत धन्यवाद दिन चाहन्छु।

**सत्येन्द्र राज सुवेदी**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर**

## विषय-सूची


| | विषय | | पेज नं. |
|---|---|---|---|
| | **कार्यकारी सारांश** | | |
| **परिच्छेद १** | **अध्ययन परिचय** | | **१–२** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद २** | **प्रदेशको तुलनात्मक स्थिति** | | **३–८** |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ४ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ७ |
| **परिच्छेद ३** | **कृषि क्षेत्र** | | **९–१९** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ९ |
| | ३.२ | कृषि उत्पादन | १२ |
| | ३.३ | पशुपंक्षी तथा माछा उत्पादन | १५ |
| | ३.४ | वनजन्य उत्पादन | १६ |
| | ३.५ | सिँचाइ तथा मौसम | १७ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | १७ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १८ |
| **परिच्छेद ४** | **उद्योग क्षेत्र** | | **२०–२४** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | २१ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | २२ |
| | ४.३ | औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | २४ |
| **परिच्छेद ५** | **सेवा क्षेत्र** | | **२५–३९** |
| | ५.१ | पर्यटन | २५ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २७ |
| | ५.३ | वित्तीय सेवा | २९ |
| | ५.४ | यातायात तथा सञ्चार | ३४ |
| | ५.५ | शिक्षा तथा स्वास्थ्य सेवा | ३५ |
| | ५.६ | सेवा क्षेत्र कर्जा | ३६ |
| | ५.७ | सहकारी | ३७ |
| | ५.८ | सेवा क्षेत्रको चुनौती र सम्भावना | ३८ |
| **परिच्छेद ६** | **पूर्वाधार र रोजगारी** | | **४०–४६** |
| | ६.१ | पूर्वाधार क्षेत्र | ४० |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ४४ |
| | ६.३ | रोजगारी | ४५ |
| | ६.४ | रोजगारी क्षेत्रका चुनौती र सम्भावना | ४६ |
| **परिच्छेद ७** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | | **४७–५२** |
| | ७.१ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ४७ |
| | • | लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन स्थिति | ४७ |
| | • | लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित बजेट | ४९ |
| | • | स्थानीय तहको कार्यक्रम तथा परियोजना कार्यान्वयन | ४९ |
| | ७.२ | लुम्बिनी प्रदेश सरकारका अन्य कार्यक्रम तथा परियोजनाको कार्यान्वयन स्थिति | ५१ |

| | | | |
|---|---|---|---|
| **परिच्छेद ८** | **आर्थिक परिदृष्य** | | **५३-५५** |
| | ८.१ | कृषि उत्पादन | ५३ |
| | ८.२ | औद्योगिक उत्पादन | ५४ |
| | ८.३ | सेवा क्षेत्र | ५४ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ५४ |

| बक्स-सूची | पेज नं. |
|---|---|
| बक्स १: लुम्बिनी एग्रो प्रोडक्टस एण्ड रिसर्च सेन्टर | १९ |
| बक्स २: सिद्धार्थ केवल कार प्रा. लि . | २७ |
| बक्स ३: बोधी होम्स् आवास परियोजना | २८ |

| तालिका-सूची | पेज नं. |
|---|---|
| तालिका २.१: प्रदेशगत आर्थिक वृद्धि | ५ |
| तालिका २.२: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान | ५ |
| तालिका २.३: लैङ्गिक अनुपात र जनघनत्वको प्रदेशगत अवस्था | ७ |
| तालिका ३.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था | ९ |
| तालिका ३.२: तरकारी बालीले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था | १० |
| तालिका ३.३: फलफूलले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था | १० |
| तालिका ३.४: मसलाले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था | ११ |
| तालिका ३.५: खाद्य तथा अन्य बाली उत्पादनको जिल्लागत अवस्था | १२ |
| तालिका ३.६: तरकारी बालीको जिल्लागत उत्पादन अवस्था | १३ |
| तालिका ३.७: फलफूल उत्पादनको जिल्लागत अवस्था | १३ |
| तालिका ३.८: मसला उत्पादनको जिल्लागत अवस्था | १४ |
| तालिका ३.९: दुध उत्पादनको जिल्लागत अवस्था | १५ |
| तालिका ३.१०: मासुको जिल्लागत उत्पादन अवस्था | १६ |
| तालिका ३.११: जिल्लागत कृषि कर्जा | १८ |
| तालिका ४.१: लुम्बिनी प्रदेशमा २०८० असार मसान्तसम्ममा दर्ता भएका उद्योगको विवरण | २० |
| तालिका ४.२: औद्योगिक उत्पादन | २२ |
| तालिका ४.३: कुल औद्योगिक कर्जा (रु.दश लाखमा) र क्षेत्रगत हिस्सा | २३ |
| तालिका ४.४: कुल औद्योगिक कर्जामा जिल्लागत हिस्सा | २३ |
| तालिका ५.१: पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर | २५ |
| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | २८ |
| तालिका ५.३: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था | ३० |
| तालिका ५.४: विपन्न वर्ग तथा सहुलियपूर्ण कर्जा | ३१ |
| तालिका ५.५: इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण | ३२ |
| तालिका ५.६: फण्ड ट्रान्सफर | ३३ |
| तालिका ५.७: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण | ३३ |
| तालिका ५.८: भारतीय मुद्रा खरिद बिक्री विवरण | ३४ |
| तालिका ५.९: यातायात सेवाको अवस्था | ३४ |
| तालिका ५.१०: सञ्चार क्षेत्रको अवस्था | ३५ |
| तालिका ५.११: शिक्षा सेवा क्षेत्रको विवरण | ३५ |
| तालिका ५.१२: स्वास्थ्य क्षेत्रको स्थिति विवरण | ३६ |
| तालिका ५.१३: कुल सेवा कर्जाको जिल्लागत अवस्था | ३७ |
| तालिका ५.१४: सहकारी सेवा | ३८ |

तालिका ६.१: लुम्बिनी प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना विवरण ४५
तालिका ६.२: लुम्बिनी प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको जिल्लागत विवरण ४५
तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति ४७
तालिका ७.२: छनौटमा परेका स्थानीय तहहरुको खर्च स्थिति ४९
तालिका ७.३: छनौटमा परेका स्थानीय तहहरुको राजश्व संकलनको स्थिति ५०
तालिका ७.४: छनौटमा परेका स्थानीय तहहरुको अनुदान तथा हस्तान्तरणको स्थिति ५१

## चार्ट-सूची

चार्ट २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा ४
चार्ट २.२: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ४
चार्ट २.३: प्रदेशगत जनसङ्ख्या वितरण ६
चार्ट २.४: प्रदेशगत जनसङ्ख्या वृद्धिदर ६
चार्ट ३.१: कुल कृषि भू-क्षेत्रको जिल्लागत अवस्था ११
चार्ट ३.२: कुल कृषि उत्पादनको जिल्लागत अवस्था १५
चार्ट ३.३: वनजन्य उत्पादन १७
चार्ट ३.४: कुल सिँचित क्षेत्रफल १७
चार्ट ४.१: उद्योगको क्षमता उपयोग २१
चार्ट ४.२: औद्योगिक कर्जा २२
चार्ट ५.१: छनौटमा परेका होटलहरुको अकुपेन्सी दर २६
चार्ट ५.२: जिल्लागत बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्याको अवस्था २९
चार्ट ५.३: जिल्लागत मोबाईल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग तथा शाखा रहित बैंकिङ्ग सेवा ३०
चार्ट ७.१: लुम्बिनी प्रदेशको बजेट खर्चको स्थिति ४८
चार्ट ७.२: आर्थिक वर्ष २०७९/८० मा लुम्बिनी प्रदेशको राजश्व परिचालन ४८

# कार्यकारी सारांश

## समष्टिगत स्थिति

१. आर्थिक वर्ष २०७९/८० मा नेपालको राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको हिस्सा १४.२ प्रतिशत हुने अनुमान रहेको छ । गत आर्थिक वर्षमा यस प्रदेशको हिस्सा १४.१ प्रतिशत रहेको थियो ।

२. आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको आर्थिक वृद्धि २.०६ प्रतिशत रहने अनुमान रहेको छ । गत आर्थिक वर्षको आर्थिक बृद्धि ५.०३ प्रतिशत रहेको थियो ।

३. आर्थिक वर्ष २०७९/८० मा देशको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा यस प्रदेशको हिस्सा क्रमशः १७.५ प्रतिशत, १५.५ प्रतिशत र १२.६ प्रतिशत रहने अनुमान रहेको छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २९.८ प्रतिशत, १४.७ प्रतिशत र ५५.५ प्रतिशत रहने अनुमान रहेको छ ।

## कृषि क्षेत्र

४. समीक्षा वर्षमा लुम्बिनी प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको तुलनामा ०.८५ प्रतिशतले ह्रास भएको छ । खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफलमध्ये मकै, गहुँ, फापर, आलु र भटमास बालीले ढाकेको क्षेत्रफल वृद्धि भएको छ भने धान, कोदो, जौ, ऊखु, तेलहन र दलहनको क्षेत्रफल ह्रास आएको छ ।

५. समीक्षा वर्षमा लुम्बिनी प्रदेशमा समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा ५.०७ प्रतिशतले वृद्धि भएको छ । खाद्य तथा अन्य बालीको कुल उत्पादनमध्ये धान, मकै, जौ, आलु, भटमास र तेलहन बालीको उत्पादन वृद्धि भएको छ भने गहुँ, कोदो, फापर, उखु, सनपाट र दलहन बालीको उत्पादन ह्रास आएको छ ।

६. समीक्षा वर्षमा तरकारी, फलफूल र मसला बालीले ढाकेको क्षेत्रफल क्रमशः २.४७ प्रतिशत, ९.२३ प्रतिशत र ५.५३ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी समीक्षा वर्षमा तरकारी, फलफूल र मसलाको उत्पादन क्रमशः ५.५६ प्रतिशत, २२.०६ प्रतिशत र ९.६१ प्रतिशतले वृद्धि भएको छ ।

७. समीक्षा वर्षमा पशुपन्छीजन्य उत्पादनमध्ये दुध उत्पादनमा ६.३० प्रतिशत र मासु उत्पादनमा ४.८० प्रतिशतले ह्रास आएको छ भने माछा उत्पादन १०.६३ प्रतिशतले वृद्धि भएको छ ।

८. समीक्षा वर्षमा वनजन्य उत्पादन अन्तर्गत काठ, दाउरा, औषधीजन्य वस्तु र अन्य उत्पादन क्रमशः ४९.४७ प्रतिशत, ७०.९९ प्रतिशत, १०.१९ प्रतिशत र ४.८६ प्रतिशतले वृद्धि भएको छ ।

९. समीक्षा वर्षमा कुल खेती गरिएको क्षेत्रफलको ४४.८८ प्रतिशत हिस्सा सिञ्चित भएको छ । सिँचित क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा १.३७ प्रतिशतले वृद्धि भई २ लाख ५५ हजार ३६ हेक्टर पुगेको छ ।

१०. समीक्षा वर्षमा कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जा ७.५२ प्रतिशतले वृद्धि भई रु.५४ अर्ब १० करोड ६६ लाख पुगेको छ । जुन यस प्रदेशमा प्रवाहित कुल कर्जाको ९.७८ प्रतिशत हिस्सा हो ।

## उद्योग क्षेत्र

११. समीक्षा वर्षमा यस प्रदेशका नमूना छनौटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५०.८२ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्ता उद्योगहरुको औसत क्षमता उपयोग ५६.३६ प्रतिशत रहेको थियो ।

१२. समीक्षा वर्षमा कागज, Ointment, रोजिन, मदिरा र चामलको उत्पादनमा क्रमशः ३२.१४ प्रतिशत, २७.१६ प्रतिशत, २५.६२ प्रतिशत, १०.०५ प्रतिशत र ४.१६ प्रतिशतले वृद्धि भएको छ ।

१३. समीक्षा वर्षमा पूर्वाधार निर्माणमा आएको शिथिलताका कारण कंक्रीट र सिमेन्टको उत्पादनमा क्रमशः २२.५८ प्रतिशत र १.७० प्रतिशतले ह्रास भएको छ ।

१४. समीक्षा वर्षमा आल्मुनियम, बिजुलीको तार/केबुलको उत्पादनमा क्रमशः २९.४२ प्रतिशत र ३४.४८ प्रतिशतले ह्रास भएको छ।

१५. समीक्षा वर्षमा गहुँको पिठो र चाउचाउको उत्पादनमा क्रमशः २१.३६ प्रतिशत र ११.३५ प्रतिशतले ह्रास भएको छ।

१६. समीक्षा वर्षमा औषधीको उत्पादन तर्फ Dry Syrup, Tablet, Liquid र Capsule को उत्पादनमा क्रमशः २९.६९ प्रतिशत, १९.७४ प्रतिशत, ८.९३ प्रतिशत र ६.०६ प्रतिशतले ह्रास भएको छ।

१७. समीक्षा वर्षमा औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा ५.९५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २६ अर्ब २८ करोड ५५ लाख पुगेको छ भने यस प्रदेशमा प्रवाहित कुल कर्जामा यसको हिस्सा २२.८२ प्रतिशत रहेको छ।

## सेवा क्षेत्र

१८. कोभिड-१९ पश्चात् सामान्य बन्दै गएको पर्यटन क्षेत्रमा लुम्बिनी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकहरुको आवागमनमा सुधार भई समीक्षा वर्षमा ३१.७१ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यस्तो वृद्धि १०.८४ प्रतिशत रहेको थियो। छनौटमा परेका होटलहरुको अकुपेन्सी दर पनि गत वर्षको सोही अवधिको तुलनामा १२.३९ प्रतिशतले वृद्धि भई ४०.२७ प्रतिशत पुगेको छ।

१९. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या गत वर्षको तुलनामा १३.२५ प्रतिशतले ह्रास भएको छ तर घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजश्व भने गत वर्षको तुलनामा ३७.६७ प्रतिशतले वृद्धि भएको छ।

२०. २०८० असार मसान्तसम्म यस प्रदेशमा क वर्गका ७४८, ख वर्गका २५७, ग वर्गका ४६ र घ वर्गका ११६२ गरी बैंक तथा वित्तीय संस्थाहरुका जम्मा २२१३ वटा शाखा सञ्चालनमा रहेका छन्। यस प्रदेशमा वाणिज्य बैंकहरुले २२२ वटा शाखा रहित बैंकिङ्ग सेवा उपलब्ध गराएका छन्।

२१. बैंक तथा वित्तीय संस्थाहरुको यस प्रदेशको निक्षेप परिचालन २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा १८.६६ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ६ अर्ब ९६ करोड पुगेको छ भने कुल कर्जा प्रवाह २.७१ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ५३ अर्ब ३४ करोड पुगेको छ।

२२. समीक्षा वर्षमा यस प्रदेशमा कुल सवारी साधन सङ्ख्या गत वर्षको तुलनामा ६.५० प्रतिशतले वृद्धि भएको छ।

२३. समीक्षा वर्षमा यस प्रदेशमा टेलिफोन सेवा १८.०७ प्रतिशत र इन्टरनेट सेवामा १८.८४ प्रतिशतले वृद्धि भएको छ।

२४. समीक्षा वर्षमा नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पुँजी ५.०६ प्रतिशत, बचत परिचालन १.४१ प्रतिशत तथा सदस्य सङ्ख्यामा १५.८५ प्रतिशतले वृद्धि भएको छ भने कुल ऋण प्रवाह १.४७ प्रतिशतले ह्रास भएको छ।

२५. समीक्षा वर्षमा परिवर्त्य विदेशी मुद्रा खरिद गत वर्षको तुलनामा ४५.८४ प्रतिशतले वृद्धि भएको छ भने भारतीय मुद्राको खरिदमा २७६.८६ प्रतिशत तथा बिक्री ८६.३३ प्रतिशतले वृद्धि भएको छ।

## पूर्वाधार क्षेत्र

२६. कुल लम्बाई ४८.५३५ कि.मि. रहेको नारायणगढ बुटवल सडक आयोजना (पश्चिम खण्ड) २०८० असार मसान्तसम्मको भौतिक प्रगति ३५.७३ प्रतिशत तथा वित्तीय प्रगति २४.६२ प्रतिशत सम्पन्न भएको छ।

२७. मिति २०७८/११/२५ मा ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढेको बुटवल-पाल्पा सडक खण्डमा निर्माण हुन लागेको सिद्धबाबा सुरुङ मार्गको निर्माण कार्य २०८० असार मसान्तसम्मको भौतिक प्रगति ३.५० प्रतिशत तथा वित्तीय प्रगति २.९४ प्रतिशत रहेको छ।

२८. मिति २०७७ चैत १ गते ठेक्का सम्झौता भई निर्माण कार्य सुरु गरेको कोहलपुर बसपार्क मिति २०७९ फागुन २५ मा निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ।

२९. लुम्बिनी प्रदेशको मुख्य सहर बुटवलमा अत्याधुनिक पशु बधशाला बनाउने सम्बन्धमा मिति २०७७ असार १ गते रु.२३ करोड ९६ लाख ८३ हजार ९ सय ४८ मा ठेक्का सम्झौता भई मिति २०७९ पौष २९ गते निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आउने क्रममा रहेको छ ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले देशको बैंकिङ्ग तथा वित्तीय क्षेत्रको नियमनकारी निकाय, नेपाल सरकारको आर्थिक सल्लाहकार एवम् देशको वाह्य क्षेत्र व्यवस्थापन गर्ने भूमिकामा रहेर मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा तथा कार्यान्वयन मार्फतसमष्टिगत आर्थिक स्थायित्व कायम गर्न तथा अर्थतन्त्रको दिगो विकासको निमित्त महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । यस बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएका उद्देश्यहरु हासिल गर्ने क्रममा देशको आर्थिक नीति निर्माण गर्न सहयोग पुग्ने गरी गर्ने प्रकाशनहरुमध्ये आर्थिक गतिविधि सम्बन्धी अध्ययन एवम् प्रतिवेदन तयार गर्ने र सोको प्रकाशन गर्दै आएको छ । यस्तो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन वार्षिक ( साउन देखि असार मसान्त) र अर्ध-वार्षिक (साउन देखि पुस मसान्त) सम्म गरी एक आर्थिक वर्षमा २ पटक प्रकाशन गर्दै आएको छ । यसै सिलसिलामा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७९/८० का लागि २०७९ साउन देखि २०८० असार मसान्तसम्मको वार्षिक तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

लुम्बिनी प्रदेशको कृषि, उद्योग, सेवा, पूर्वाधार, पर्यटन, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको वस्तुस्थिति र यसमा भईरहेको परिवर्तनको अध्ययन तथा विश्लेषण गर्ने उदेश्यले नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका नवलपरासी (ब.सु.प.), रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान र रोल्पा गरी ८ वटा जिल्लाहरुबाट र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको कार्यक्षेत्र अन्तर्गतका बाँके, बर्दिया, दाङ र रुकुमपूर्व गरी ४ वटा जिल्लाहरु गरी जम्मा १२ जिल्लाहरुबाट आवश्यक तथ्याङ्क तथा सूचनाहरु संकलन गरी प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० को साउनदेखि असार मसान्तसम्ममा लुम्बिनी प्रदेशमा भएका मुख्यगरी कृषि, उद्योग, सेवा, पूर्वाधार, पर्यटन, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको स्थिति र सोमा भएको परिवर्तन लगायत राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको हिस्सा एवम् अन्य आर्थिक स्थितिको विवरण उल्लेख र विश्लेषण गरिएको छ ।

- नेपाल राष्ट्र बैंकबाट जारी भएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" अनुसार संघीय तथा लुम्बिनी प्रदेशका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु, निर्देशनालयहरुका साथै जिल्लास्थित तोकिएका कार्यालयहरु, निजी उद्योग तथा प्रतिष्ठानहरुबाट स्थलगत तथा गैर-स्थलगत माध्यमबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको छ ।
- औद्योगिक उत्पादन, क्षमता उपयोग आदिको सम्बन्धमा नमूना छनौटमा परेका रुपन्देही जिल्लाका १२, नवलपरासी (ब.सु.प.) जिल्लाका २, दाङ जिल्लाका २, बाँके जिल्लाका ९ र बर्दिया जिल्लाका २ गरी जम्मा २७ वटा उद्योगहरुमा स्थलगत सर्वेक्षण तथा इमेल मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ ।
- कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा सङ्ख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन सङ्ख्या र सो बापतको राजस्व रकमसँग सम्बन्धित तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, काठमाडौंबाट प्राप्त गरिएको छ ।
- नमूना छनौटमा परेका १२ वटा पर्यटक स्तरीय होटलहरुको स्थलगत सर्वेक्षण, अध्यागमन कार्यालयहरु, गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल, होटल व्यवसायी संघ प्रदेश कार्यालयबाट पर्यटनसँग सम्बन्धित तथ्याङ्क संकलन गरिएको छ ।
- नमूना छनौटमा परेका १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरुबाट सहकारी क्षेत्रको तथ्याङ्क संकलन गरिएको छ ।

- मनिचेञ्जर तथा विदेशी मुद्रा सटही, फण्ड ट्रान्सफर, परिवर्त्य विदेशी मुद्रा खरिद तथा भारतीय मुद्रा खरिद बिक्री सम्बन्धी तथ्याङ्क नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर तथा नेपालगञ्ज कार्यालयहरुबाट लिइएको छ ।
- प्रादेशिक सरकारी वित्त सम्बन्धी तथ्याङ्क प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट र वैदेशिक व्यापार सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका भन्सार कार्यालयहरुबाट संकलन गरिएको छ ।
- प्रदेश सरकारको कार्यक्रम तथा परियोजना, स्थानीय तहको कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयनको अवस्था सम्बन्धी विवरण अर्थ मन्त्रालय, लुम्बिनी प्रदेश तथा छनौटमा परेका ५ वटा स्थानीय तहहरुबाट संकलन गरिएको छ ।
- राष्ट्रिय गौरवका आयोजना, केन्द्रीयस्तरका आयोजनाहरु तथा निजी क्षेत्रबाट सञ्चालित परियोजनाहरुमध्येबाट ४ वटा आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव, समस्या तथा चुनौती, र सम्भावनाहरु सम्बन्धी तथ्याङ्क तथा जानकारीहरु संकलन गरी अध्ययन प्रतिवेदनमा समेटिएको छ ।
- स्थलगत सर्वेक्षणबाट प्राप्त प्राथमिक तथ्याङ्क र विभिन्न स्रोतबाट प्राप्त द्वितीयक तथ्याङ्कहरुको प्रस्तुतीकरण तथा विश्लेषण गर्न आवश्यकता अनुसार Statistical Tools, Chart तथा Diagram प्रयोग गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यो अध्ययन “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)” ले तोकेको तथ्याङ्क प्रदायक निकायहरुबाट प्राप्त तथ्याङ्कहरुमा मात्र आधारित रहेको छ । देश प्रादेशिक संरचनामा गए पश्चात तथ्याङ्क प्रदायक निकायहरुको पुनरसंरचना भएकोले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझै पनि निरन्तर रहेकाले पूर्ण एवं अध्यावधिक तथ्याङ्क प्राप्त गर्न अझै कठिनाई रहेको छ ।

छानिएका उद्योगहरुबाट मात्र प्राप्त तथ्याङ्क एवं सूचनाहरुको आधारमा उद्योग क्षेत्रको विश्लेषण गरिएको छ । पर्यटन क्षेत्रमा १२ वटा पर्यटकस्तरीय होटल छनौट गरी उक्त होटलहरुबाट प्राप्त तथ्याङ्कको आधारमा मात्र अकुपेन्सी दर तथा रोजगारीको स्थिति विश्लेषण गरिएको छ भने सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरु मात्र छनौट गरिएको छ । लुम्बिनी प्रदेशस्थित ५ वटा ठूला स्थानीय तहहरुको मात्र बजेट एवम् कार्यक्रम समावेश गरी अध्ययन गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनलाई ८ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययन परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी, परिच्छेद ७ मा संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ८ मा आर्थिक परिदृष्यसँग सम्बन्धित तथ्याङ्क, सूचना र विश्लेषण प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

यस परिच्छेदमा राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा, अन्तर प्रदेश तुलना, प्रादेशिक क्षमता, समस्या तथा चुनौती र सम्भावना समावेश गरिएको छ।

### प्रदेश परिचय

लुम्बिनी प्रदेशको क्षेत्रफल २२ हजार २ सय ८८ वर्ग कि.मि. रहेको छ जसले नेपालको कुल क्षेत्रफलको १५.१ प्रतिशत भूभाग ओगटेको छ। यस प्रदेशमा तराईका ५ जिल्ला (रुपन्देही, कपिलवस्तु, नवलपरासी ब.सु.प., बाँके, बर्दिया), पहाडका ५ जिल्ला (रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची, पाल्पा), १ भित्री मधेश जिल्ला (दाङ) र १ हिमाली जिल्ला (रुकुम पूर्व) गरी जम्मा १२ जिल्लाहरु रहेका छन्। यस प्रदेशमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १ सय ९ वटा स्थानीय तहहरु रहेका छन्। यस प्रदेशको पूर्वमा गण्डकी प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेश उत्तरमा गण्डकी/कर्णाली प्रदेश र दक्षिणमा भारतसँग सीमाना जोडिएको छ। यो प्रदेशमा समथर भूमिदेखि सात हजार मिटरसम्म उचाई भएको हिमाली क्षेत्र रहेको छ। यस प्रदेशमा देशकै महत्वपूर्ण वित्तीय तथा व्यापारिक केन्द्रहरु बुटवल, भैरहवा, नेपालगञ्ज, दाङ आदि रहेका छन्।


राष्ट्रिय जनगणना, २०७८ अनुसार लुम्बिनी प्रदेशको कुल जनसङ्ख्या ५१,२२,०७८ जना (पुरुष २४,५४,४०८ महिला २६,६७,६७०) रहेको छ। प्रदेशको कुल जनसङ्ख्यामा पुरुष र महिलाबीचको लैङ्गिक अनुपात ९२.०१ प्रतिशत रहेको छ। नेपालको कुल जनसङ्ख्यामा यस प्रदेशको हिस्सा १७.६ प्रतिशत रहेको छ भने जनघनत्व २३० जना प्रतिवर्ग कि.मि. रहेको छ। त्यस्तै प्रति परिवार औसत सदस्य सङ्ख्या ४.४९ जना रहेको छ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा करिव रु.७ खर्ब ६३ अर्ब रहने अनुमान छ। गत आर्थिक वर्ष यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ६ खर्ब ९८ अर्ब रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा लुम्बिनी प्रदेशको आर्थिक वृद्धि २.०६ प्रतिशत पुग्ने अनुमान रहेको छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर ५.०३ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा मुलुकको समग्र गार्हस्थ्य उत्पादनमा यस प्रदेशको १४.२ प्रतिशत योगदान रहने अनुमान रहेको छ। गत आर्थिक वर्षमा यस प्रदेशको हिस्सा १४.१ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल कृषि, उद्योग र सेवा क्षेत्रमा यस प्रदेशको हिस्सा क्रमशः १७.५ प्रतिशत, १५.५ प्रतिशत र १२.६ प्रतिशत रहने अनुमान रहेको छ। त्यस्तै, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र (कृषि, वन तथा मत्स्य)को २९.८ प्रतिशत, उद्योग क्षेत्र (उद्योग, निर्माण, खानी तथा उत्सर्जन, विद्युत, ग्याँस, पानी)को १४.७ प्रतिशत र सेवा क्षेत्र (यातायात तथा भण्डारण, सूचना तथा सञ्चार, थोक तथा खुद्रा व्यापार, वित्तीय मध्यस्थता आदि)को ५५.५ प्रतिशत योगदान रहने अनुमान रहेको छ।

औद्योगिक वर्गीकरणका आधारमा यस प्रदेशमा कृषि, वन तथा मत्स्य क्षेत्रको हिस्सा सबैभन्दा बढी २९.८ प्रतिशत रहेको छ भने सबैभन्दा कम उद्योग क्षेत्रको हिस्सा ६ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, थोक तथा खुद्रा व्यापार क्षेत्र, शिक्षा क्षेत्र, सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्र र निर्माण क्षेत्रको हिस्सा क्रमशः ११ प्रतिशत, १०.२ प्रतिशत, ९.७ प्रतिशत र ६.८ प्रतिशत रहने अनुमान छ ***(चार्ट २.१)।***





*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.२ अन्तर प्रदेश तुलना

### कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.५३ खर्ब ८१ अर्ब रहने अनुमान रहेको छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.१ प्रतिशत रहने अनुमान रहेको छ। त्यसैगरी लुम्बिनी प्रदेशको १४.२ प्रतिशत हिस्सा सहित तेस्रो ठूलो प्रदेशको रुपमा रहने अनुमान रहेको छ भने कोशी प्रदेशको १५.८ प्रतिशत, मधेश प्रदेशको १३.१ प्रतिशत, गण्डकी प्रदेशको ९ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ७ प्रतिशत हिस्सा रहने अनुमान रहेको छ ***(चार्ट २.२)*** ।




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## प्रदेशगत आर्थिक वृद्धि दर

आर्थिक वर्ष २०७९/८० को प्रदेशगत रुपमा आर्थिक वृद्धिदर तुलना गर्दा सबैभन्दा धेरै गण्डकी प्रदेशको ३.२६ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको १.४४ प्रतिशत रहने अनुमान छ । त्यस्तै, लुम्बिनी प्रदेश, कोशी प्रदेश, मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर क्रमशः २.०६ प्रतिशत, २.० प्रतिशत, १.६९ प्रतिशत, १.९१ प्रतिशत र १.७८ प्रतिशत रहने अनुमान छ । अघिल्लो वर्षको सोही अवधिमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ६.३५ प्रतिशत रहेको थियो भने मधेश प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम ४.६३ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७९/८० मा नेपालको आर्थिक वृद्धि १.८६ प्रतिशत पुग्ने अनुमान रहेको छ । गत आर्थिक वर्ष नेपालको आर्थिक वृद्धि ५.६१ प्रतिशत रहेको थियो ***(तालिका २.१)।***

**तालिका २.१: प्रदेशगत आर्थिक वृद्धि (प्रतिशतमा)**

| प्रदेश | २०७८/७९ (संशोधित अनुमान) | २०७९/८० (प्रारम्भिक अनुमान) |
|---|---|---|
| कोशी | ५.४७ | २.० |
| मधेश | ४.६३ | १.६९ |
| बागमती | ६.३० | १.४४ |
| गण्डकी | ६.३५ | ३.२६ |
| **लुम्बिनी** | **५.०३** | **२.०६** |
| कर्णाली | ५.३२ | १.९१ |
| सुदूरपश्चिम | ४.७८ | १.७८ |
| **नेपाल** | **५.६१** | **१.८६** |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## कृषि, उद्योग तथा सेवा क्षेत्रको स्थिति

मुलुकको कृषि क्षेत्रको समग्र उत्पादनमा लुम्बिनी प्रदेशको योगदान १७.५ प्रतिशत रहने अनुमान रहेको छ भने कोशी प्रदेशको सबैभन्दा बढी २१.७ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ५.३ प्रतिशत योगदान रहने अनुमान रहेको छ । औद्योगिक क्षेत्रको उत्पादनमा यस प्रदेशको योगदान १५.५ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३१.३ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ३.१ प्रतिशत रहने अनुमान छ । त्यसैगरी, सेवा क्षेत्रको उत्पादनमा यस प्रदेशको योगदान १२.६ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको योगदान सबैभन्दा बढी ४५.७ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ३.९ प्रतिशत रहने अनुमान छ ***(तालिका २.२)*** ।


**तालिका २.२: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व.२०७९/८०)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ८४९.७ | ७०७.५ | १,९८१.३ | ४८२.० | **७६३** | २२१.५ | ३७६.३ | **५,३८१.३** |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.७ | १९.१ | १७.१ | ९.६ | **१७.५** | ५.३ | ९.७ | **१००.०** |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.८ | ११.२ | ३१.३ | १२.१ | **१५.५** | ३.१ | ७.० | **१००.०** |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.६ | ११.२ | ४५.७ | ८.१ | **१२.६** | ३.९ | ५.९ | **१००.०** |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

### जनसङ्ख्या वितरण


राष्ट्रिय जनगणना, २०७८ अनुसार मुलुकको कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ । जसमा लुम्बिनी प्रदेशको जनसङ्ख्या कुल ५१ लाख २२ हजार ७८ जना रहेको छ । प्रदेशगत रुपमा जनसङ्ख्याको वितरण हेर्दा कुल जनसङ्ख्यामा सबैभन्दा धेरै मधेश र बागमती प्रदेशको २१ प्रतिशत हिस्सा रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.८ प्रतिशत रहेको छ । यसैगरी, लुम्बिनी प्रदेश, कोशी प्रदेश, सुदूरपश्चिम प्रदेश र गण्डकी प्रदेशको हिस्सा क्रमशः १७.६ प्रतिशत, १७ प्रतिशत, ९.२ प्रतिशत र ८.५ प्रतिशत रहेको छ ***(चार्टः२.३)*** ।




*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### जनसङ्ख्या वृद्धिदर

गत १० वर्षको अवधिमा मुलुकमा १०.०८ प्रतिशतले जनसङ्ख्या वृद्धि भएको देखिन्छ । विगत दश वर्षको सरदर वार्षिक वृद्धिदर ०.९२ प्रतिशत रहेको देखिन्छ । प्रदेशगत रुपमा हेर्दा २०६८ देखि २०७८ को एक दशकमा वार्षिक जनसङ्ख्या वृद्धिदर सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा १.२४ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा ०.२५ प्रतिशतले रहेको छ । यसैगरी, मधेश प्रदेश, बागमती प्रदेश, कोशी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा क्रमशः १.१९ प्रतिशत, ०.९७ प्रतिशत, ०.८६ प्रतिशत, ०.७० प्रतिशत र ०.५२ प्रतिशत रहेको छ ***(चार्टः २.४ )*** ।




*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### लैङ्गिक अनुपात र जनघनत्व

राष्ट्रिय जनगणना, २०७८ अनुसार सात वटा प्रदेशहरुमध्ये सबैभन्दा धेरै मधेश प्रदेशको १००.५५ र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको ८९.५१ लैङ्गिक अनुपात (**प्रति १०० महिलामा पुरुषको सङ्ख्या**) रहेको छ भने लुम्बिनी प्रदेशमा यो अनुपात ९२.०१ रहेको छ । प्रदेशगत जनघनत्व विश्लेषण गर्दा सबैभन्दा धेरै जनघनत्व मधेश प्रदेशमा ६३३ जना र सबैभन्दा कम कर्णाली प्रदेशमा ६० जना रहेको देखिन्छ भने लुम्बिनी प्रदेशको २३० जना रहेको छ ***(तालिका :२.३)***।

| तालिका २.३: लैङ्गिक अनुपात र जनघनत्वको प्रदेशगत अवस्था | | |
|---|---|---|
| **विवरण** | **लैङ्गिक अनुपात** | **जनघनत्व** |
| कोशी प्रदेश | ९५.०२ | १९२ |
| मधेश प्रदेश | १००.५५ | ६३३ |
| बागमती प्रदेश | ९९.३६ | ३०१ |
| गण्डकी प्रदेश | ९०.३७ | ११५ |
| **लुम्बिनी प्रदेश** | **९२.०१** | **२३०** |
| कर्णाली प्रदेश | ९५.२७ | ६० |
| सुदूरपश्चिम प्रदेश | ८९.५१ | १३८ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### प्रादेशिक क्षमता र सम्भावना

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना मार्फत खाद्यान्न, तरकारी, मासु तथा दुग्धजन्य पदार्थ लगायतका कृषि उत्पादन बढाई प्रदेशलाई आत्मनिर्भर बनाउँदै अन्य प्रदेश वा विदेशमा समेत निकासी गर्न सक्ने सम्भावना रहेको छ।
- स्मार्ट कृषि गाँउ कार्यक्रम मार्फत शिक्षा, प्रसार र अनुसन्धानलाई एकीकृत गर्दै कृषिमा व्यावसायीकरण, बजार पूर्वाधारहरुको विकास र उन्नत प्रविधि तथा नश्लहरुको प्रयोग बढ्न गई उत्पादकत्व वृद्धि हुने सम्भावना रहेको छ।
- सञ्चालनमा रहेका उद्योगहरुलाई आवश्यक पर्ने औद्योगिक कच्चा पदार्थ तथा श्रमशक्तिको सहज उपलब्धताको कारणहरुले औद्योगिक उत्पादन वृद्धि भई आयात प्रतिस्थापनमा सहयोग पुग्ने तथा रोजगारी एवम् निर्यात समेत वृद्धि हुने सम्भावना रहेको छ।
- यस प्रदेशको तराई, चुरे, उच्च पहाडी र महाभारत जस्ता भौगर्भिक क्षेत्रहरुमा खानीजन्य उद्योगहरुको प्रचूर सम्भावना रहेको छ।
- सडक मार्गहरुको मर्मत तथा स्तरोन्नति तथा बुटवल क्षेत्रमा २ वटा केवलकारहरुको पूर्ण सञ्चालनले प्रदेशमा पर्यटन लगायत अन्य आर्थिक गतिविधि वृद्धि हुने सम्भावना रहेको छ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा सञ्चालन भएमा धार्मिक पर्यटकहरुको उल्लेख्य वृद्धि हुन गई यस क्षेत्रका होटल लगायत अन्य पर्यटन व्यवसायमा अनुकूल प्रभाव पर्ने सम्भावना रहेको छ।

### प्रादेशिक चुनौती

- लुम्बिनी प्रदेशका तराईका जिल्लाहरुमा पहाडी/हिमाली जिल्लाहरुबाट हुने अव्यवस्थित बसाईसराईले एकातिर तराई क्षेत्रका खेतीयोग्य जमिनमा ह्रास आउने तथा पहाडी/हिमाली जिल्लाहरुमा खेतीयोग्य जमिन बाँझो रहने समस्याले कृषिमा आत्मनिर्भर हुने कार्य।
- तीनै तहका सरकारहरुबाट प्रदान गरिएका अनुदान तथा सहुलियतदरका कृषि लगायतका अन्य कर्जा कार्यक्रमहरुलाई थप प्रभावकारी रुपमा वास्तविक लक्षित वर्गसम्म पुर्‍याउने कार्य।

- उत्पादनमूलक उद्योगहरुमा लगानी उल्लेख्य रुपमा बढाउनु, उद्यमशीलता र कर्पोरेट सँस्कृतिको विकास गर्दै युवाहरुलाई उद्योगतर्फ आकर्षित गर्ने कार्य ।
- विशेष आर्थिक क्षेत्र तथा औद्योगिक क्षेत्रहरुमा थप उद्योगहरु स्थापना गर्ने कार्य ।
- यस प्रदेशमा निर्माणाधीन विमानस्थल, सुरुङ्ग मार्ग, सिँचाई लगायतका पूर्वाधार आयोजनाहरु तोकिएको समयमा निर्माण सम्पन्न गर्ने कार्य ।
- यस प्रदेशमा स्थापना भएका होटल तथा रेष्टुरेन्टहरु पूर्ण क्षमतामा सञ्चालन गर्ने कार्य ।
- लुम्बिनी प्रदेशमा थप पर्यटन विकासको लागि अन्य प्रदेश, स्थानीय तह र निकायहरुसँग सहकार्य गर्दै पर्यटनलाई आन्तरिक उत्पादन तथा रोजगारीसँग जोड्ने कार्य ।
- संघ, प्रदेश र स्थानीय सरकारका लक्ष्य र प्राथमिकताका आधारमा स्रोत/साधनको प्रभावकारी परिचालन गर्ने कार्य ।
- यस प्रदेशमा बढ्दो शहरीकरण एवम् औद्योगिकीकरणबाट उत्पन्न हुने फोहरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रण गर्ने कार्य ।

# परिच्छेद ३

# कृषि क्षेत्र

राष्ट्रिय कृषिगणना, २०७८ अनुसार लुम्बिनी प्रदेशमा ७,६५,०९२ कृषक परिवारले ४,२६,६१४ हेक्टर जग्गामा कृषि कार्य गरेका छन् । यस प्रदेशका ६७ प्रतिशत घर परिवार कृषिमा आबद्ध रहेका छन् । यस प्रदेशमा कुल कृषि योग्य जमिनको ५६.७० प्रतिशत क्षेत्रफल सिँचित रहेको छ भने सिँचाइ सुविधा लिएका परिवार ७१.७ प्रतिशत रहेका छन् । यस प्रदेशमा नेपालको प्रमुख बालीको रुपमा रहेको धान, मकै र गहुँको खेती हुने क्षेत्रफल क्रमशः २४९.०, ७७.८ र १६८.८ हजार हेक्टर रहेको छ । त्यसैगरी लुम्बिनी प्रदेशको बाली सघनता (Cropping Intensity) दर १.९७ रहेको देखिन्छ । यो सूचकले लुम्बिनी प्रदेशमा कृषकहरुले वर्षमा सरदर दुई बाली लगाउने गरेको इङ्गित गरेको छ ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७९/८० मा लुम्बिनी प्रदेशमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल गत आर्थिक वर्षको तुलनामा ०.३२ प्रतिशतले ह्रास भई ८ लाख ९१ हजार ६९३ हेक्टर भएको छ । गत आर्थिक वर्षमा यस्तो क्षेत्रफलमा १.७३ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलमा प्रमुख खाद्य तथा अन्न बाली ९०.५३ प्रतिशत, तरकारी तथा बागवानी ४.९३ प्रतिशत, फलफूल ३.१० प्रतिशत र मसला १.४३ प्रतिशत रहेको छ ।

### खाद्य तथा अन्य बाली

लुम्बिनी प्रदेशमा समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ०.८५ प्रतिशतले ह्रास भई ८ लाख ७ हजार २५१ हेक्टर कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.०६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा भटमास, आलु, फापर, मकै र गहुँबालीले ढाकेको क्षेत्रफलमा क्रमशः ६.४६ प्रतिशत, २.७१ प्रतिशत, १.९३ प्रतिशत, ०.६१ प्रतिशत र ०.२८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी जौ, दलहन, कोदो, तेलहन, धान र उखुको क्षेत्रफलमा क्रमशः ८.०७ प्रतिशत, ४.७६ प्रतिशत, ४.५९ प्रतिशत, ३.७७ प्रतिशत, ०.६५ प्रतिशत र ०.४८ प्रतिशतले ह्रास आएको छ । खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा धान, गहुँ, मकै, दलहन, तेलहन र आलुले ढाकेको क्षेत्रफल क्रमशः ३७.४१ प्रतिशत, १९.८७ प्रतिशत, १८.५६ प्रतिशत, ९.९४ प्रतिशत, ७.७६ प्रतिशत र ३.२८ प्रतिशत रहेको छ ।

समीक्षा वर्षमा खाद्य तथा अन्न बालीले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी दाङको हिस्सा १५.२३ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्वको हिस्सा २.४२ प्रतिशत रहेको छ । त्यसैगरी कपिलवस्तु, बर्दिया, रुपन्देही, बाँके, नवलपरासी (ब.सु.प.), गुल्मी, पाल्पा, अर्घाखाँची, प्यूठान र रोल्पाको हिस्सा क्रमशः १४.१३ प्रतिशत, १४.१३ प्रतिशत, १३.८४ प्रतिशत, १०.८९ प्रतिशत, ६.१० प्रतिशत, ५.७१ प्रतिशत, ५.४० प्रतिशत, ४.४८ प्रतिशत, ३.८८ प्रतिशत र ३.७९ प्रतिशत रहेको छ ***(तालिका ३.१)*** ।

**तालिका ३.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा)**

| जिल्ला | क्षेत्रफल(हे.) | हिस्सा(प्रतिशत) | जिल्ला | क्षेत्रफल(हे.) | हिस्सा(प्रतिशत) |
|---|---|---|---|---|---|
| रुकुम पूर्व | १९,५३८ | २.४२ | नवलपरासी(ब.सु.प.) | ४९,२२० | ६.१० |
| रोल्पा | ३०,५७२ | ३.७९ | रुपन्देही | १,११,७३५ | १३.८४ |
| प्यूठान | ३१,३१९ | ३.८८ | कपिलवस्तु | १,१४,०५८ | १४.१३ |
| गुल्मी | ४६,११९ | ५.७१ | दाङ | १,२२,९५५ | १५.२३ |
| अर्घाखाँची | ३६,१८१ | ४.४८ | बाँके | ८७,९१५ | १०.८९ |
| पाल्पा | ४३,५९० | ५.४० | बर्दिया | १,१४,०४९ | १४.१३ |

*स्रोत: कृषि विकास निर्देशनालय र अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

### तरकारी बाली

समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा २.४७ प्रतिशतले वृद्धि भई ४४ हजार १ हेक्टर पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ९.९३ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा तरकारी बालीले ढाकेको कुल भू-क्षेत्रमा बाँकेको सबैभन्दा धेरै १९.६२ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्वको १.२७ प्रतिशत हिस्सा रहेको छ। त्यसैगरी बर्दिया, दाङ, रुपन्देही, कपिलवस्तु, नवलपरासी(ब.सु.प.), पाल्पा, रोल्पा, अर्घाखाँची, प्यूठान र गुल्मीको हिस्सा क्रमशः १८.१३ प्रतिशत, १४.९१ प्रतिशत, १४.३४ प्रतिशत, ७.११ प्रतिशत, ६.०४ प्रतिशत, ५.०२ प्रतिशत ४.५३ प्रतिशत, ३.८३ प्रतिशत, २.७७ प्रतिशत, र २.४२ प्रतिशत रहेको छ ***(तालिका ३.२)***।

| तालिका ३.२: तरकारी बालीले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **क्षेत्रफल(हे.)** | **हिस्सा(प्रतिशत)** | **जिल्ला** | **क्षेत्रफल(हे.)** | **हिस्सा(प्रतिशत)** |
| रुकुम पूर्व | ५५९ | १.२७ | नवलपरासी(ब.सु.प.) | २,६५७ | ६.०४ |
| रोल्पा | १,९९३ | ४.५३ | रुपन्देही | ६,३०९ | १४.३४ |
| प्यूठान | १,२२१ | २.७७ | कपिलवस्तु | ३,१३० | ७.११ |
| गुल्मी | १,०६३ | २.४२ | दाङ | ६,५६२ | १४.९१ |
| अर्घाखाँची | १,६८५ | ३.८३ | बाँके | ८,६३३ | १९.६२ |
| पाल्पा | २,२१० | ५.०२ | बर्दिया | ७,९७९ | १८.१३ |

*स्रोत: कृषि विकास निर्देशनालय र अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

### फलफूल

समीक्षा वर्षमा फलफूलले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ९.२३ प्रतिशतले वृद्धि भई २७ हजार ६ सय ८२ हेक्टर पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १९.३६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा केरा, स्याउ, आँप, सुन्तला र अन्य फलफूलले ढाकेको क्षेत्रफल क्रमशः २४.४१ प्रतिशत, ६.७५ प्रतिशत, ३.३४ प्रतिशत, १.३३ प्रतिशत र ७.८१ प्रतिशतले वृद्धि भएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा फलफूलले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी नवलपरासी (ब.सु.प.)को १५.६६ प्रतिशत र सबैभन्दा कम रुपन्देहीको ४.१४ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी रोल्पा, दाङ, रुकुम पूर्व, कपिलवस्तु, बर्दिया, अर्घाखाँची, पाल्पा, गुल्मी, प्यूठान, र बाँकेको हिस्सा क्रमशः ११.२२ प्रतिशत, ९.२६ प्रतिशत, ८.९० प्रतिशत, ८.६८ प्रतिशत, ८.५६ प्रतिशत, ८.२२ प्रतिशत, ७.७७ प्रतिशत, ६.८४ प्रतिशत, ६.१३ प्रतिशत ४.६१ प्रतिशत रहेको छ ***(तालिका ३.३)।***

| तालिका ३.३: फलफूलले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **क्षेत्रफल(हे.)** | **हिस्सा(प्रतिशत)** | **जिल्ला** | **क्षेत्रफल(हे.)** | **हिस्सा(** |
| रुकुम पूर्व | २,४६५ | ८.९० | नवलपरासी(ब.सु.प.) | ४,३३५ | १५.६६ |
| रोल्पा | ३,१०७ | ११.२२ | रुपन्देही | १,१४६ | ४.१४ |
| प्यूठान | १,६९६ | ६.१३ | कपिलवस्तु | २,४०४ | ८.६८ |
| गुल्मी | १,८९४ | ६.८४ | दाङ | २,५६२ | ९.२६ |
| अर्घाखाँची | २,२७६ | ८.२२ | बाँके | १,२७६ | ४.६१ |
| पाल्पा | २१५२.०० | ७.७७ | बर्दिया | २३६९.०० | ८.५६ |

*स्रोत: कृषि विकास निर्देशनालय र अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

## मसला

समीक्षा वर्षमा मसलाले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ५.५३ प्रतिशतले वृद्धि भई १२ हजार ३ सय ७७ हेक्टर पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ९.६८ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा मसलाले ढाकेको क्षेत्रफल मध्ये प्याज, लसुन, बेसार र अदुवाले ढाकेको क्षेत्रफल क्रमशः ३०.६९ प्रतिशत, १४.१३ प्रतिशत, ५.६८ प्रतिशत र २.२५ प्रतिशतले वृद्धि भएको छ भने अन्य मसला र अलैचीले ढाकेको क्षेत्रफल क्रमशः ११.२२ प्रतिशत र ४.२३ प्रतिशतले ह्रास आएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा मसलाले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी रोल्पाको १४.०७ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्वको ३.३५ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी  पाल्पा, दाङ, बर्दिया, प्यूठान, कपिलवस्तु, रुपन्देही, नवलपरासी(ब.सु.प.), अर्घाखाँची, बाँके, गुल्मीको हिस्सा क्रमशः १३.४८ प्रतिशत, १२.१३ प्रतिशत, १०.९२ प्रतिशत, १०.४० प्रतिशत, ७.३४ प्रतिशत, ६.८५ प्रतिशत, ५.९० प्रतिशत, ५.८६ प्रतिशत, ५.५७ प्रतिशत र ४.१३ प्रतिशत रहेको छ ***(तालिका ३.४)।***


| तालिका ३.४: मसलाले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **क्षेत्रफल(हे.)** | **हिस्सा(प्रतिशत)** | **जिल्ला** | **क्षेत्रफल(हे.)** | **हिस्सा(प्रतिशत)** |
| रुकुम पूर्व | ४१५ | ३.३५ | नवलपरासी(ब.सु.प.) | ७३० | ५.९० |
| रोल्पा | १,७४१ | १४.०७ | रुपन्देही | ८४८ | ६.८५ |
| प्यूठान | १,२८७ | १०.४० | कपिलबस्तु | ९०९ | ७.३४ |
| गुल्मी | ५११ | ४.१३ | दाङ | १,५०१ | १२.१३ |
| अर्घाखाँची | ७२५ | ५.८६ | बाँके | ६९० | ५.५७ |
| पाल्पा | १,६६९ | १३.४८ | बर्दिया | १,३५१ | १०.९२ |

*स्रोतः कृषि विकास निर्देशनालय र अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

## जिल्लागत कृषि भू–क्षेत्रको अवस्था

लुम्बिनी प्रदेशका १२ जिल्लाहरुमध्ये कृषिमा उपयोग भएको कुल भू–भागको जिल्लागत विश्लेषण गर्दा सबैभन्दा बढी दाङ जिल्लामा १४.९९ प्रतिशत भू-क्षेत्र उपयोग भएको छ भने सबैभन्दा कम रुकुम पूर्वमा २.५८ प्रतिशत भएको छ । त्यसैगरी, बर्दिया, कपिलवस्तु, रुपन्देही, बाँके, नवलपरासी(ब.सु.प.), पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा र प्यूठानको क्रमशः १४.११ प्रतिशत, १३.५२ प्रतिशत, १३.४७ प्रतिशत, ११.०५ प्रतिशत, ६.३९ प्रतिशत, ५.५७ प्रतिशत, ५.५६ प्रतिशत, ४.५९ प्रतिशत, ४.२० प्रतिशत र ३.९९ प्रतिशत उपयोग भएको छ ***(चार्ट :३.१)।***

**चार्ट ३.१ :कुल कृषि भू-क्षेत्रको जिल्लागत अवस्था (प्रतिशतमा)**




*स्रोतः कृषि विकास निर्देशनालय र अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७९/८० मा लुम्बिनी प्रदेशमा प्रमुख कृषि बालीहरुको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिव ६.१२ प्रतिशतले वृद्धि भई ४० लाख ८० हजार ४ सय ३० मेट्रिक टन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो उत्पादन १.५३ प्रतिशतले ह्रास भएको थियो । अघिल्लो आर्थिक वर्षमा धान, जौं, उखु, भटमास, तेलहन र मसलाको उत्पादनमा कमी आएको कारण प्रमुख कृषि बालीहरुको उत्पादनमा ह्रास आएको थियो । यस प्रदेशको कुल कृषि उत्पादनको हिस्सागत अवस्थामा प्रमुख खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी, फलफूल र मसलाको क्रमशः ७६.२७ प्रतिशत, १५.०१ प्रतिशत, ५.७० प्रतिशत र ३.०२ प्रतिशत रहेको छ ।

### खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ५.०७ प्रतिशतले वृद्धि भई ३१ लाख १२ हजार ४ मेट्रिक टन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ४.८० प्रतिशतले ह्रास भएको थियो । समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको कुल उत्पादनमध्ये धान, भटमास, आलु, जौ, मकै र तेलहन बालीको उत्पादनमा क्रमशः १५.२० प्रतिशत, ९.९९ प्रतिशत, ९.५६ प्रतिशत, ७.८४ प्रतिशत, ५.६२ प्रतिशत र १.५८ प्रतिशतले वृद्धि भएको छ भने सनपाट, कोदो, दलहन, गहुँ, उखु र फापरको उत्पादनमा क्रमशः ३९.५७ प्रतिशत, १६.६४ प्रतिशत, ७.८१ प्रतिशत, ६.३९ प्रतिशत, ६.०५ प्रतिशत र ३.७३ प्रतिशतले ह्रास भएको छ ।

**तालिका ३.५: खाद्य तथा अन्य बाली उत्पादनको जिल्लागत अवस्था (प्रतिशतमा)**

| जिल्ला | उत्पादन (मे. ट.) | हिस्सा(प्रतिशत) | जिल्ला | उत्पादन (मे. ट.) | हिस्सा(प्रतिशत) |
|---|---|---|---|---|---|
| रुकुम पूर्व | १,३०,२९८ | ४.१९ | नवलपरासी(ब.सु.प.) | ३,१६,३६७ | १०.१७ |
| रोल्पा | १,०७,६०९ | ३.४६ | रुपन्देही | ४,३८,८२८ | १४.१० |
| प्यूठान | १,१२,२८६ | ३.६१ | कपिलवस्तु | ५,३९,१६१ | १७.३३ |
| गुल्मी | १,४४,५७४ | ४.६५ | दाङ | ३,८२,१०७ | १२.२८ |
| अर्घाखाँची | १,०६,१३९ | ३.४१ | बाँके | २,९३,९३६ | ९.४५ |
| पाल्पा | १,२९,६३३ | ४.१७ | बर्दिया | ४,११,०६६ | १३.२१ |

*स्रोतः कृषि विकास निर्देशनालय र अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

यस प्रदेशमा खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन विश्लेषण गर्दा सबैभन्दा बढी कपिलवस्तुको १७.३३ प्रतिशत र सबैभन्दा कम अर्घाखाँची जिल्लाको ३.४१ प्रतिशत योगदान रहेको छ । त्यसैगरी रुपन्देही, बर्दिया, दाङ, नवलपरासी(ब.सु.प.), बाँके, गुल्मी, रुकुम पूर्व, पाल्पा, प्यूठान र रोल्पाको योगदान क्रमशः १४.१० प्रतिशत, १३.२१ प्रतिशत, १२.२८ प्रतिशत, १०.१७ प्रतिशत, ९.४५ प्रतिशत, ४.६५ प्रतिशत, ४.१९ प्रतिशत, ४.१७ प्रतिशत, ३.६१ प्रतिशत र ३.४६ प्रतिशत रहेको छ ***(तालिका ३.५)।***

### तरकारी बाली

समीक्षा वर्षमा तरकारी बालीको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ५.५६ प्रतिशतले वृद्धि भई ६ लाख १२ हजार ३ सय ७२ मेट्रिक टन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १५.१२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा तरकारीले ढाकेको भू-क्षेत्रमा वृद्धि, व्यावसायिक तरकारी खेतीमा कृषकको आकर्षण एवम् बजार उपलब्धता लगायतका कारण तरकारी उत्पादनमा वृद्धि भएको हो ।

| तालिका ३.६: तरकारी बालीको जिल्लागत उत्पादन अवस्था (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | उत्पादन(मे.ट.) | हिस्सा(प्रतिशत) | जिल्ला | उत्पादन(मे.ट.) | हिस्सा(प्रतिशत) |
| रुकुम पूर्व | ६,७७९ | १.११ | नवलपरासी(ब.सु.प.) | ३१,६३० | ५.१७ |
| रोल्पा | १९,७६८ | ३.२३ | रुपन्देही | १,१८,३९७ | १९.३३ |
| प्यूठान | १३,८३७ | २.२६ | कपिलवस्तु | ५३,०५५ | ८.६६ |
| गुल्मी | १२,१६० | १.९९ | दाङ | ८९,९८७ | १४.६९ |
| अर्घाखाँची | २१,३५० | ३.४९ | बाँके | १,१४,२८४ | १८.६६ |
| पाल्पा | ३६,२२३ | ५.९२ | बर्दिया | ९४,९०२ | १५.५० |

*स्रोत: कृषि विकास निर्देशनालय र अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा तरकारी बालीको उत्पादनमा सबैभन्दा धेरै रुपन्देहीको १९.३३ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्व जिल्लाको १.११ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी बाँके, बर्दिया, दाङ, कपिलवस्तु, पाल्पा, नवलपरासी (ब.सु.प.), अर्घाखाँची, रोल्पा, प्यूठान र गुल्मी जिल्लाको उत्पादन क्रमशः १८.६६ प्रतिशत, १५.५० प्रतिशत, १४.६९ प्रतिशत, ८.६६ प्रतिशत, ५.९२ प्रतिशत, ५.१७ प्रतिशत, ३.४९ प्रतिशत, ३.२३ प्रतिशत, र १.९९ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ३.६)*** ।

## फलफूल

समीक्षा वर्षमा यस प्रदेशमा फलफूलको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा २२.०६ प्रतिशतले वृद्धि भई २ लाख ३२ हजार ४ सय ९० मेट्रिक टन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २४.७४ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा फलफूलले ढाकेको भू-क्षेत्रमा वृद्धि भएसँगै सुन्तला, आँप, केरा, स्याउ र अन्य फलफूलको उत्पादन क्रमशः १.३३ प्रतिशत, ३.३४ प्रतिशत, २४.४१ प्रतिशत, ६.७५ प्रतिशत र ७.८१ प्रतिशतले वृद्धि भएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा फलफूल उत्पादनमा सबैभन्दा बढी नवलपरासी(ब.सु.प.)को २६.२७ प्रतिशत र प्यूठान जिल्लाको सबैभन्दा कम ३.२५ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी, बर्दिया, कपिलवस्तु, रोल्पा, दाङ, रुकुम पूर्व, पाल्पा, गुल्मी, रुपन्देही, अर्घाखाँची र बाँके जिल्लाको हिस्सा क्रमशः १२.२७ प्रतिशत, ९.५२ प्रतिशत, ८.८७ प्रतिशत, ६.२० प्रतिशत, ७.२८ प्रतिशत ५.९३ प्रतिशत, ५.४८ प्रतिशत, ५.२१ प्रतिशत, ४.९४ प्रतिशत र ४.७८ प्रतिशत रहेको छ ***(तालिका ३.७)*** ।

| तलिका ३.७: फलफूल उत्पादनको जिल्लागत अवस्था (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | उत्पादन (मे.ट.) | हिस्सा(प्रतिशत) | जिल्ला | उत्पादन (मे.ट.) | हिस्सा(प्रतिशत) |
| रुकुम पूर्व | १६,९३२ | ७.२८ | नवलपरासी(ब.सु.प.) | ६१,०६७ | २६.२७ |
| रोल्पा | २०,६३१ | ८.८७ | रुपन्देही | १२,१०५ | ५.२१ |
| प्यूठान | ७,५५३ | ३.२५ | कपिलवस्तु | २२,१४२ | ९.५२ |
| गुल्मी | १२,७३२ | ५.४८ | दाङ | १४,४०७ | ६.२० |
| अर्घाखाँची | ११,४९३ | ४.९४ | बाँके | ११,१०४ | ४.७८ |
| पाल्पा | १३,७९३ | ५.९३ | बर्दिया | २८,५३१ | १२.२७ |

*स्रोत: कृषि विकास निर्देशनालय र अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

## मसला

समीक्षा वर्षमा मसलाको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ९.६१ प्रतिशतले वृद्धि भई १ लाख २३ हजार ४ सय २७ मेट्रिक टन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १७.६९ प्रतिशतले घटेको थियो । मसलाजन्य उत्पादन अन्तर्गतका लसुन, प्याज, अदुवा र बेसारको उत्पादन क्रमशः ९.०३ प्रतिशत, ३८.१४ प्रतिशत, ६.७६ प्रतिशत र ५.६६ प्रतिशतले वृद्धि भएको छ भने अलैची र अन्य मसलाको उत्पादनमा क्रमशः ०.२९ प्रतिशत र ६.१९ प्रतिशतले ह्रास आएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा मसला उत्पादनमा सबैभन्दा दाङ जिल्लाको १४.९८ प्रतिशत र रुकुम पूर्वको सबैभन्दा कम ३.०४ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी, पाल्पा, बर्दिया, रोल्पा, प्यूठान, रुपन्देही, कपिलवस्तु, नवलपरासी(ब.सु.प.), बाँके, अर्घाखाँची र गुल्मी जिल्लाको हिस्सा क्रमशः १४.१६ प्रतिशत, १३.१५ प्रतिशत, १२.२५ प्रतिशत, ८.९७ प्रतिशत, ७.५६ प्रतिशत, ५.९७ प्रतिशत, ५.६३ प्रतिशत, ५.२२ प्रतिशत, ५.१९ प्रतिशत र ३.८८ प्रतिशत रहेको छ ***(तालिका ३.८)।***

**तालिका ३.८: मसला उत्पादनको जिल्लागत अवस्था (प्रतिशतमा)**

| जिल्ला | उत्पादन (मे.टन) | हिस्सा(प्रतिशत) | जिल्ला | उत्पादन (मे.टन) | हिस्सा(प्रतिशत) |
|---|---|---|---|---|---|
| रुकुम पूर्व | ३,७५६ | ३.०४ | नवलपरासी(ब.सु.प.) | ६,९४७ | ५.६३ |
| रोल्पा | १५,११७ | १२.२५ | रुपन्देही | ९,३३७ | ७.५६ |
| प्यूठान | ११,०७२ | ८.९७ | कपिलवस्तु | ७,३६४ | ५.९७ |
| गुल्मी | ४,७९५ | ३.८८ | दाङ | १८,४८९ | १४.९८ |
| अर्घाखाँची | ६,४०० | ५.१९ | बाँके | ६,४४० | ५.२२ |
| पाल्पा | १७,४८२ | १४.१६ | बर्दिया | १६,२२८ | १३.१५ |


*स्रोत: कृषि विकास निर्देशनालय र अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

## कफी उत्पादन

समीक्षा वर्षमा यस प्रदेशमा कफीको उत्पादन गत वर्षको तुलनामा १.९४ प्रतिशतले ह्रास भई १ सय ११ मेट्रिक टन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २८.६४ प्रतिशतले घटेको थियो । कफी उत्पादनको मुख्य क्षेत्र गुल्मी, अर्घाखाँची र पाल्पा जिल्लाका किसानहरु आफ्नो उत्पादनले उचित बजार मूल्य नपाएका कारण अन्य खेती गर्न लागेकाले कफी उत्पादनमा ह्रास भएको छ ।

## जिल्लागत कुल कृषि उत्पादनको अवस्था

लुम्बिनी प्रदेशका १२ जिल्लाहरुमध्ये कुल कृषि उत्पादन (खाद्य तथा अन्य बाली, तरकारी, फलफूल र मसलाजन्य उत्पादन)को जिल्लागत विश्लेषण गर्दा सबैभन्दा बढी कपिलवस्तु जिल्लाको १५.२४ प्रतिशत हिस्सा रहेको छ भने सबैभन्दा कम प्यूठानको ३.५५ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी, रुपन्देही, बर्दिया, दाङ, बाँके, नवलपरासी (ब.सु.प.), पाल्पा, गुल्मी, रोल्पा, रुकुम पूर्व र अर्घाखाँची जिल्लाको हिस्सा क्रमशः १४.१८ प्रतिशत, १३.५० प्रतिशत, १२.३८ प्रतिशत, १०.४३ प्रतिशत, १०.२० प्रतिशत, ४.८३ प्रतिशत, ४.२७ प्रतिशत, ४.०० प्रतिशत, ३.८७ प्रतिशत र ३.५६ प्रतिशत रहेको छ ***(चार्ट: ३.२)।***



*स्रोतः कृषि विकास निर्देशनालय र अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु*

## ३.३ पशुपन्छी तथा माछा उत्पादन

### दुध उत्पादन

समीक्षा वर्षमा दुध उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ६.३० प्रतिशतले ह्रास भई ४ हजार ९ सय ५० लाख लिटर पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २.९१ प्रतिशतले वृद्धि भएको थियो । गाईमा देखिएको लम्पी छाला रोग (LSD)का कारण समीक्षा वर्षमा गत वर्षको सोही अवधिको तुलनामा दुध उत्पादनमा ह्रास भएको हो ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशको दुधको उत्पादनमा सबैभन्दा धेरै रुपन्देहीको ३२.२६ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्वको ०.२० प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी पाल्पा, बाँके, बर्दिया, दाङ, अर्घाखाँची, कपिलवस्तु, नवलपरासी(ब.सु.प.), प्यूठान, रोल्पा र गुल्मी जिल्लाको हिस्सा क्रमशः १०.६८ प्रतिशत, ९.८९ प्रतिशत, ९.६९ प्रतिशत, ८.९९ प्रतिशत, ७.२४ प्रतिशत, ७.१२ प्रतिशत, ५.०१ प्रतिशत, ३.६५ प्रतिशत, ३.४१ प्रतिशत र १.८७ प्रतिशत रहेको छ ***(तालिका ३.९)*** ।

| तालिका ३.९: दुध उत्पादनको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** |
| रुकुम पूर्व | ०.२० | अर्घाखाँची | ७.२४ | कपिलवस्तु | ७.१२ |
| रोल्पा | ३.४१ | पाल्पा | १०.६८ | दाङ | ८.९९ |
| प्यूठान | ३.६५ | नवलपरासी(ब.सु.प.) | ५.०१ | बाँके | ९.८९ |
| गुल्मी | १.८७ | रुपन्देही | ३२.२६ | बर्दिया | ९.६९ |

*स्रोतः अध्ययनमा समेटिएका भेटेरीनरी अस्पतालहरु*

### मासु उत्पादन

समीक्षा वर्षमा मासुको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ४.८० प्रतिशतले ह्रास भई ९५ हजार ६ सय ५८ मेट्रिक टन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ३.४२ प्रतिशतले वृद्धि भएको थियो । केही जिल्लाका स्थानीय तहले अण्डा/मासु आत्मनिर्भर कार्यक्रम स्थगित गरेका कारण गत वर्षको सोही अवधिको तुलनामा समग्र मासु उत्पादनमा ह्रास आएको हो ।

समीक्षा वर्षमा मासु उत्पादनमा भैसी/राँगो, खसी/बोका/भेडा, सुँगुर/बंगुर र कुखुरा/हाँसको मासु उत्पादनमा क्रमशः २.३३ प्रतिशत, ८.०२ प्रतिशत, ६.२० प्रतिशत र ७.७८ प्रतिशतले ह्रास आएको छ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल मासु उत्पादनको हिस्सा सबैभन्दा धेरै रुपन्देहीको ३२.४२ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्व जिल्लाको १.८० प्रतिशत रहेको छ। त्यसैगरी दाङ, पाल्पा बाँके, बर्दिया, कपिलवस्तु, नवलपरासी(ब.सु.प.), अर्घाखाँची, प्यूठान, रोल्पा र गुल्मी जिल्लाको हिस्सा क्रमशः १३.५५ प्रतिशत, १०.८० प्रतिशत, ८.७१ प्रतिशत, ७.९९ प्रतिशत, ७.४२ प्रतिशत, ४.७६ प्रतिशत, ३.८० प्रतिशत, ३.६१ प्रतिशत, ३.५३ प्रतिशत र २.३३ प्रतिशत रहेको छ ***(तालिका ३.१०)।***

| तालिका ३.१०: मासुको जिल्लागत उत्पादन अवस्था (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** |
| रुकुम पूर्व | १.८० | अर्घाखाँची | ३.८० | कपिलवस्तु | ७.४२ |
| रोल्पा | ३.५३ | पाल्पा | १०.८० | दाङ | १३.५५ |
| प्यूठान | ३.६१ | नवलपरासी (ब.सु.प.) | ४.७६ | बाँके | ८.७१ |
| गुल्मी | २.३३ | रुपन्देही | ३२.४२ | बर्दिया | ७.९९ |

*स्रोतः अध्ययनमा समेटिएका भेटेरीनरी अस्पतालहरु*

### अण्डा उत्पादन

समीक्षा वर्षमा अण्डा उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ०.४३ प्रतिशतले ह्रास भई १ हजार ५ सय ६५ लाख गोटा पुगेको छ , गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ४.८७ प्रतिशतले वृद्धि भएको थियो। हाँसको अण्डामा ९.०४ प्रतिशत वृद्धि भएतापनि कुखुराको अण्डामा ०.५४ प्रतिशतले गिरावट आएको कारण समग्र अण्डा उत्पादनमा ह्रास देखिएको हो।

### माछा उत्पादन

माछा उत्पादनको केन्द्रको रुपमा परिचित रुपन्देही जिल्लामा माछा सुपर जोन तथा विज्ञ केन्द्रद्धारा क्षेत्र विस्तारका कार्यक्रम लागू भएको हुँदा माछा उत्पादन समीक्षा वर्षमा गत वर्षको सोही अवधिको तुलनामा १०.६३ प्रतिशतले वृद्धि भई १६ हजार ६ सय ५ मेट्रिक टन पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १०.१० प्रतिशतले वृद्धि भएको थियो।


### मह उत्पादन

समीक्षा वर्षमा मह उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ८.९८ प्रतिशतले वृद्धि भई ४ हजार २ सय ५६ मेट्रिक टन पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ११.२८ प्रतिशतले वृद्धि भएको थियो। यस प्रदेशमा किसानहरुले व्यावसायिक रुपमा माहुरी पालन गर्नुका साथै राज्यस्तरबाट प्राविधिक सहयोग र क्षमता अभिवृद्धि तालिमको व्यवस्थाले मह उत्पादन वृद्धि भएको देखिन्छ।

## ३.४ वनजन्य उत्पादन

आर्थिक वर्ष २०७९/८० देखि संघीय वन नियमावली, २०७९ तथा प्रदेश वन (पहिलो संशोधन) नियमावली, २०८० लागू भएकाले काठ/दाउरा निकासी इजाजतको बाटो खुल्ला एवम् काठको मूल्याङ्कन गर्ने शुत्रमा परिवर्तन भएको कारणले समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ४९.४७ प्रतिशतले वृद्धि भई ३२ लाख ३९ हजार ३ सय ९२ क्यूबिक फिट पुगेको छ भने दाउरा उत्पादन ७०.९९ प्रतिशतले वृद्धि भई ७ हजार ३७ चट्टा पुगेको छ। गत वर्षको सोही अवधिमा काठको उत्पादन २.८० प्रतिशत र दाउराको उत्पादन ०.०७ प्रतिशतले वृद्धि भएको थियो। त्यसैगरी, समीक्षा वर्षमा औषधीजन्य वस्तु उत्पादन १०.१९ प्रतिशत र अन्य उत्पादन ४.८६ प्रतिशतले वृद्धि भएको छ। नेपाल सरकारले टिमुर, तेजपात, लप्सी, चिउरी, सुगन्धकोकिला, अम्रिसो, चिउरी आदिका लागि जिल्लागत रुपमा पकेट क्षेत्रको विस्तार गरेको हुँदा


औषधीजन्य तथा अन्य उत्पादन बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा औषधीजन्य उत्पादन ६.२५ प्रतिशतले घटेको थियो भने अन्य उत्पादन ६५.३० प्रतिशतले बढेको थियो ***(चार्ट : ३.३)।***




*स्रोत: अध्ययनमा समेटिएका वन कार्यालयहरु*

## ३.५ सिँचाई तथा मौसम

समीक्षा वर्षमा कुल सिञ्चित क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा १.३७ प्रतिशतले वृद्धि भई २ लाख ५५ हजार ३६ हेक्टर पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.३० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षसम्म यस प्रदेशको कुल खेतीयोग्य जमिनको ३३.३४ प्रतिशत र कुल खेती गरिएको जमिनको ४४.८८ प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको छ। कुल सिँचाईको स्रोतहरु मध्ये कुलो, नहर र पोखरीबाट हुने सिँचाई क्रमशः २.२५ प्रतिशत, १.१९ प्रतिशत र ६.३६ प्रतिशतले वृद्धि भएको छ भने बोरिङ्ग बाट हुने सिँचाई ११.३७ प्रतिशतले घटेको छ ***(चित्र :३.४)।***




*स्रोत: अध्ययनमा समेटिएका जलस्रोत तथा सिँचाई कार्यालयहरु*

## ३.६ क्षेत्रगत कृषि कर्जा

बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा वर्षमा यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कुल कृषि कर्जा गत वर्षको सोही अवधिको तुलनामा ७.५२ प्रतिशतले वृद्धि भई रु. ५४ अर्ब १० करोड ६६ लाख पुगेको छ । गत बर्षको सोही अवधिमा यस्तो कर्जा रु. ५० अर्ब ३२ करोड १२ लाख प्रवाह भएको थियो ।

यस प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जामा जिल्लागत हिस्सा विश्लेषण गर्दा सबैभन्दा धेरै रुपन्देही जिल्लाको ३९.६१ प्रतिशत हिस्सा रहेको छ भने रुकुम पूर्व जिल्लाको सबैभन्दा कम ०.१६ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी, दाङ, बाँके, कपिलवस्तु, नवलपरासी(ब.सु.प.), बर्दिया, पाल्पा, प्यूठान, गुल्मी, रोल्पा र अर्घाखाँची जिल्लाको हिस्सा क्रमशः १६.०७ प्रतिशत, १२.०७ प्रतिशत, १०.०२ प्रतिशत, ८.८५ प्रतिशत, ५.५८ प्रतिशत, २.२४ प्रतिशत, १.७७ प्रतिशत, १.४१ प्रतिशत, ०.८३ प्रतिशत र ०.७६ प्रतिशत रहेको छ ***(तालिका ३.११) ।***

| तालिका ३.११: जिल्लागत कृषि कर्जा (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **कर्जा (रु.दश लाख)** | **हिस्सा** | **जिल्ला** | **कर्जा (रु.दश लाख)** | **हिस्सा** |
| रुकुम पूर्व | ८८.३४ | ०.१६ | नवलपरासी(ब.सु.प.) | ४७८७.२३ | ८.८५ |
| रोल्पा | ४४८.६३ | ०.८३ | रुपन्देही | २१४३०.९६ | ३९.६१ |
| प्यूठान | ९५८.३७ | १.७७ | कपिलवस्तु | ५४२३.०५ | १०.०२ |
| गुल्मी | ७६४.२६ | १.४१ | दाङ | ८६९४.९२ | १६.०७ |
| अर्घाखाँची | ४११.९४ | ०.७६ | बाँके | ६८६८.९१ | १२.७० |
| पाल्पा | १२१२.९४ | २.२४ | बर्दिया | ३०१७.१ | ५.५८ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- परम्परागत कृषि प्रणालीलाई आधुनिक एवम् व्यावसायिक रुपमा रुपान्तरण गर्ने कार्य ।
- मल, बीउ/बीजन, विषादी र मेशिनरी जस्ता कृषि सामाग्रीहरुको भरपर्दो स्रोत सुनिश्चित गर्ने कार्य ।
- काठ दाउराको उत्पादन अनुरुप विक्री वितरण गर्न कठिनाई र नयाँ कटान भएका काठ, दाउरा समयमा नै लिलाम विक्री हुन नसक्दा काठ दाउराको गुणस्तर कायम राख्ने कार्य ।
- खेतीयोग्य जमिन खण्डीकृत हुनुबाट रोक्ने तथा खेतीयोग्य जमिनको चक्लाबन्दी गरी सामुहिक व्यावसायिक खेतीमा आकर्षित गर्ने कार्य ।
- सहुलियतपूर्ण कृषि कर्जाको सहज तथा सुलभ व्यवस्थापन गरी लक्षित वर्गसम्म पुर्‍याउने कार्य ।
- कृषि क्षेत्रको विकासमा सिँचाइ, सडक, बजार, विद्युत, उद्योग, एवं जनसङ्ख्या वितरणले महत्वपूर्ण भूमिका खेल्ने भएकाले यस्ता क्षेत्रहरुलाई एकैसाथ विकास गर्ने कार्य ।
- खेतीयोग्य जमिनको डुबान एवम् अवैज्ञानिक रुपले नदीजन्य पदार्थ उत्खनन् हुदाँ पानीका मुहानहरुमा पर्ने समस्यालाई सम्बोधन गर्ने कार्य ।
- कृषि एवम् पशुजन्य उत्पादनहरुसँग सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी उपलब्ध प्रविधि तथा सम्भाव्यताको आधारमा कार्यक्रमहरुको छनौट, कार्यान्वयन र प्रवर्द्धन गर्ने कार्य ।

### सम्भावना

- भौगोलिक विविधताले भरिपूर्ण यस प्रदेशमा अधिकांश जनसङ्ख्या कृषिमा आश्रित रहनुका साथै खेती तथा पशुपालनका लागि उपयुक्त हावापानी भएकाले व्यावसायिक एवम् आधुनिक कृषि मार्फत कृषि तथा पशुजन्य उत्पादनको राम्रो सम्भावना रहेको छ ।
- यस प्रदेशमा रहेका सिक्टा सिँचाई आयोजना, बबई सिँचाई आयोजना तथा भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना पूर्ण रुपमा सञ्चालनमा आए पश्चात् बेमौषमी एवम् मौषमी तरकारी लगायत अन्य कृषिजन्य उत्पादन बढ्ने सम्भावना रहेको छ ।
- तीनवटै तहका सरकारबाट कृषि क्षेत्रमा विभिन्न अनुदान तथा सहयोग उपलब्ध भइरहेको कारण थप लगानीकर्ताहरु आकर्षिक हुने सम्भावना रहेको छ ।

- यस प्रदेशका पहाडी तथा उच्च पहाडी जिल्लाहरुमा  उत्पादन भएका जडीबुटीहरु प्रशोधन केन्द्र स्थापना गरी मूल्य अभिवृद्धि सहित निर्यातको राम्रो सम्भावना रहेको छ ।

**बक्स १: लुम्बिनी एग्रो प्रोडक्टस एण्ड रिसर्च सेन्टर**





कृषिलाई देशको मेरुदण्ड मान्ने ५६ वर्षीय शशी पौडेल सहित ५ जनाले रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका वडा नं १४, टिकुलीगढमा रु.२५ करोड लगानी र २७ बिगाहा क्षेत्रफलमा होलस्टेन फ्रिजेन र जर्सी जातका ठूला साना गरी करिव ५०० वटा गाई खरिद गरी वि.सं. २०६५ सालमा लुम्बिनी एग्रो प्रोडक्टस एण्ड रिसर्च सेन्टर स्थापना गरे । व्यावसायिक रुपमा दुग्ध उत्पादन शुरु भएको केही समय पश्चात् नै उक्त रिसर्च सेन्टरमा लगानी गर्ने अन्य व्यवसायीहरुले क्रमशः व्यवसाय छोड्दै गए । व्यावसायिक उतारचढावसँगै गाईको सङ्ख्या पनि कुनै समय ७०० सम्म पुगेकोमा हाल ३५० मात्रमा सीमित भएको तथा कर्मचारीहरुको सङ्ख्यामा पनि ३५ जनाबाट घटेर २२ जनामा मात्र सीमित हुन पुगेको सञ्चालक शशी पौडेल बताउँछन् ।
देशकै नमूना फर्मको रुपमा चिनिदै आएको यस सेन्टरमा विगतमा दैनिक करिव २५०० लिटरसम्म दुध उत्पादन हुने गरेकोमा हाल १५०० लिटर मात्र उत्पादन हुने गर्दछ । यस रिसर्च सेन्टरको प्रमुख आम्दानीको श्रोत दुध तथा गोबरमल रहेको छ । यस सेन्टरबाट उत्पादित उत्पादनहरु रुपन्देही जिल्लाको तिलोत्तमा, बुटवल र सिद्धानगरमा बिक्री हुने गर्दछ ।
हाल माहामारीको रुपमा फैलिएको लम्पी स्किन रोगका कारण यस रिसर्च सेन्टरमा रहेका साना ठूला गरी १८ वटा गाईहरुको मृत्यु हुँदा सेन्टरलाई करिव रु.२० लाख क्षति हुन पुगेको सञ्चालक बताउँछन् । भारतबाट बैध तथा अवैध रुपमा आयात हुने दुध एवम् दुग्धजन्य पदार्थहरुका कारण बजार व्यवस्थापनमा समस्या भोग्नुपरेको छ । साथै, सरकारले दुधको मूल्य तोक्ने तर दानाको मूल्य नतोक्नाले व्यवसायमा उतारचढाव व्यहोर्नु परेको गुनासो व्यवसायीको छ । यस किसिमका व्यवसायहरुको महामारीको बेलामा बीमा नहुने, बीमा दाबीको भुक्तानी समेत समयमा नहुने, गाईहरु विभिन्न रोगको शिकार हुनु, राम्रो बीज नपाउनु, दक्ष जनशक्तिको अभाव हुनु जस्ता चुनौतीहरु देखिएका छन् । संघीय तथा स्थानीय सरकारबाट आधुनिक कृषिलाई प्राथमिकतामा राखी कृषि तथा पशुपालन क्षेत्रको लागि सहज हुने नीतिल्याईदिँदा मात्र पनि देशका युवावर्ग कृषि पेशा गर्न उत्प्रेरित हुने कुरामा शशि पौडेलले जोड दिएका छन् ।
***(स्रोत : लुम्बिनी एग्रो प्रोडक्टस एण्ड रिसर्च सेन्टर)***

# परिच्छेद ४

# उद्योग क्षेत्र

लुम्बिनी प्रदेशको रुपन्देही जिल्लामा बुटवल औद्योगिक क्षेत्र र बाँके जिल्लामा नेपालगञ्ज औद्योगिक क्षेत्र गरी २ वटा औद्योगिक क्षेत्रहरु सञ्चालनमा रहेका छन् । उद्योग विभागका अनुसार बुटवल औद्योगिक क्षेत्रको ७२ मध्ये ६४ वटा र नेपालगञ्ज औद्योगिक क्षेत्रका ३५ मध्ये ३३ वटा गरी जम्मा ९७ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् । भारतीय सीमा नाकासँग जोडिएको,औद्योगिक कामदारहरुको सहज उपलब्धता, उपयुक्त औद्योगिक वातावरण हुनुले पछिल्लो समय लुम्बिनी प्रदेशका रुपन्देही, नवलपरासी(ब.सु.प.), कपिलवस्तु र बाँके लगायतका जिल्लाहरु औद्योगिक हवको रुपमा अगाडि बढी रहेका छन् । रुपन्देहीको भैरहवा स्थित विशेष आर्थिक क्षेत्र (SEZ) मा हाल ७ वटा उद्योगहरु मात्र सञ्चालनमा रहेका छन् । थप औद्योगिक क्षेत्र स्थापना गर्ने उद्देश्यले रुपन्देहीको मोतीपुर औद्योगिक क्षेत्र र बाँकेको नौवस्ता औद्योगिक क्षेत्रको जग्गा प्राप्ति भई निमार्ण कार्य अगाडि बढी रहेको कारण यो प्रदेश औद्योगिक हवको रुपमा अगाडि बढ्ने क्रममा रहेको छ ।

उद्योग विभागबाट प्राप्त तथ्याङ्क अनुसार आ.व. २०७९/८० सम्ममा लुम्बिनी प्रदेशमा कुल ७५१ वटा उद्योगहरु दर्ता भई रु. ३ खर्ब २५ अर्ब २४ करोड लगानी भएको छ भने ७५,७४४ जनालाई रोजगारी प्रदान गरेको छ । जिल्लागत रुपमा विश्लेषण गर्दा सबैभन्दा धेरै रुपन्देहीमा २८९ वटा र सबैभन्दा कम प्यूठान र रोल्पामा ३/३ वटा मात्र उद्योगहरु दर्ता भएका छन् । त्यसैगरी, नवलपरासी, बाँके, कपिलवस्तु, दाङ, बर्दिया, पाल्पा, गुल्मी, रुकुम र अर्घाखाँची जिल्लामा क्रमशः १८४, १०७, ६२, ४७, २८, १२, ६, ५ र ५ उद्योगहरु दर्ता भएका छन् *(तालिका ४.१)* ।

**तालिका ४.१: लुम्बिनी प्रदेशमा २०८० असार मसान्तसम्ममा दर्ता भएका उद्योगको विवरण**

| जिल्ला | उद्योग सङ्ख्या | रोजगारी सङ्ख्या | कुल पुँजी (रु.दश लाखमा) |
|---|---|---|---|
| अर्घाखाँची | ५ | ४१८ | ४,८२१.८४ |
| पाल्पा | १२ | ७७७ | ३,०५१.३३ |
| प्यूठान | ३ | २३२ | ५४०.०० |
| नवलपरासी | १८४ | १८,५५५ | १,०२,१३५.०४ |
| कपिलवस्तु | ६२ | ७,५५३ | ३,९१७६.४४ |
| रोल्पा | ३ | ४,०६६ | १,०२२.७९ |
| रुकुम | ५ | ३३४ | ६,११०.४४ |
| गुल्मी | ६ | ११९ | २,०५९.८३ |
| दाङ | ४७ | ६,१९३ | ३३,६९७.९८ |
| बाँके | १०७ | ९,१११ | २२,८७९.६१ |
| बर्दिया | २८ | १,७०५ | ७,९३६.२४ |
| रुपन्देही | २८९ | २६,६८१ | १,०१,८१६.६६ |
| **जम्मा** | **७५१** | **७५,७४४** | **३,२५,२४८.२०** |


***स्रोतः उद्योग विभाग*** *(नवलपरासी अन्तर्गत नवलपरासी(ब.सु.पू.) र नवलपरासी (ब.सु.प.) जिल्लाहरु समावेश छन् भने रुकुम अन्तर्गत पश्चिम र पूर्वी रुकुम समावेश गरिएका छन् ।)*

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

### क्षमता उपयोग

अध्ययनमा समेटिएका उद्योगहरुको समीक्षा वर्षमा औसत क्षमता उपयोग ५०.८२ प्रतिशत रहेको छ भने गत वर्षमा यस्ता उद्योगको औसत क्षमता उपयोग ५६.३६ प्रतिशत रहेको थियो । विशेषगरी ड्राई सिरप, बिजुलीका तार तथा केबुल, साबुन, चामल, गहुँको पिठो, तोरीको तेल, फलामको छड/पत्ति तथा सामानहरु र औषधीजन्य उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा कमी आएकाले गत वर्षको सोही अवधिको तुलनामा समग्र उद्योगको औसत क्षमता उपयोगमा केही ह्रास आएको छ । अध्ययनमा समेटिएका उद्योगहरु मध्ये सबैभन्दा बढी मदिराजन्य उद्योगले ८५.७६ प्रतिशत र सबैभन्दा कम Dry Syrup औषधी उत्पादन गर्ने उद्योगले ५.८४ प्रतिशत क्षमता उपयोग गरेका छन् । यसैगरी औसत भन्दा बढी क्षमता उपयोग गर्ने उद्योगहरुमा सिमेन्ट, पशुदाना, कंक्रीट, आल्मुनियम, कागज, ट्याबलेट प्लाष्टिकको सामान, प्लाईउड, रोजिन र मदिरा रहेका छन् ***(चार्ट :४.१ ) ।***

**चार्ट ४.१ : उद्योगको क्षमता उपयोग (प्रतिशतमा )**




*स्रोतः अध्ययनमा समेटिएका उद्योगहरु*

### औद्योगिक उत्पादनको अवस्था

अध्ययनमा समेटिएका उद्योगहरुमध्ये समीक्षा वर्षमा कागज उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ३२.१४ प्रतिशतले वृद्धि भएको छ । विदेशमा कागजको मूल्य बढेर आयात कम हुँदा नेपाली कागजको माग बढेको कारण समीक्षा वर्षमा कागजको उत्पादन वृद्धि भएको हो । कच्चा पदार्थको शुलभ उपलब्धता र भारत लगायतका अन्य देशहरुमा रोजिनको मूल्य उच्च रहेको कारण समीक्षा वर्षमा रोजिन उत्पादन ३०.५९ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा औषधीजन्य उत्पादन ओईन्टमेन्टको बजार माग वृद्धि भएकाले यसको उत्पादनमा २७.१६ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी बजार माग वृद्धिका कारण साबुनको उत्पादनमा २२.२५ प्रतिशतले वृद्धि भएको छ । बजारको मागमा कमी आउनु, सगग्र अर्थतन्त्रमा देखिएको सिथिलता र अन्तर्राष्ट्रिय बजारमा कोईला तथा पेट्रोलियम पदार्थहरुको मूल्य वृद्धिका कारण समीक्षा वर्षमा सिन्थेटिक कपडाको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ३८.८८ प्रतिशतले ह्रास भएको छ । समीक्षा वर्षमा पशुदाना उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ३६.५६ प्रतिशतले ह्रास भएको छ । त्यसैगरी समीक्षा वर्षमा बिजुलीको तार, ड्राई सिरप, आल्मुनियम, कंक्रीट, गहुँको पिठो, तोरीको तेल र ट्याबलेटको उत्पादनमा क्रमशः ३४.४८ प्रतिशत, २९.६९

प्रतिशत, २९.४२, २२.५८ प्रतिशत, २१.३६ प्रतिशत, २०.२१ प्रतिशत र १९.७४ प्रतिशतले ह्रास आएको छ ( ***तालिका ४.२ )।***

| तालिका ४.२: औद्योगिक उत्पादन | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **उत्पादन** | **प्रतिशत परिवर्तन** | **उत्पादन** | **प्रतिशत परिवर्तन** | **उत्पादन** | **प्रतिशत परिवर्तन** | **उत्पादन** | **प्रतिशत परिवर्तन** |
| सिन्थेटिक | -३८.८८ | कंक्रीट | -२२.५८ | लिक्युड | -८.९३ | चामल | ४.१६ |
| पशुदाना | -३६.५६ | गहुँको पिठो | -२१.३६ | क्याप्सुल | -६.०६ | मदिरा | १०.०५ |
| बिजुलीका तार र केबल | -३४.४८ | तोरीको तेल | -२०.२१ | प्लाईउड | -२.५५ | साबुन | २२.२५ |
| ड्राई सिरप | -२९.६९ | ट्याबलेट | -१९.७४ | फलामको छड/पत्ति तथा सामानहरु | -१.८७ | रोजिन | २५.६२ |
| आल्मुनियम | -२९.४२ | चाउचाउ | -११.३५ | सिमेण्ट | -१.७० | ओईन्टमेण्ट | २७.१६ |
| प्लाष्टिकका सामान | -२९.३९ | | | | | कागज | ३२.१४ |


*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु*

### रोजगारी

समीक्षा अवधिमा अध्ययनमा समेटिएका २६ वटा उद्योगहरुबाट प्राप्त तथ्याङ्क अनुसार महिला ६१३ र पुरुष ४६५० गरी जम्मा ५२६३ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । गत वर्ष कुल ४६१६ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका थिए ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा वर्षमा लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा ५.९५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २६ अर्ब २८ करोड ५५ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४.४९ प्रतिशतले ह्रास भएको थियो । समीक्षा वर्षमा कुल औद्योगिक कर्जाहरुमध्ये विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योग, निर्माण उद्योग, कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योग, खानी सम्बन्धी उद्योग र गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा क्रमशः २३५.१६ प्रतिशत, १७.५२ प्रतिशत, ७.५९ प्रतिशत, ५.०३ प्रतिशत, ०.१० प्रतिशतले वृद्धि भएको छ भने धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक्स सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जामा १२.१२ प्रतिशतले ह्रास भएको छ ***(चार्ट :४.२)***।




*स्रोत: नेपाल राष्ट्र बैंक*

यस प्रदेशमा प्रवाह भएको कुल कर्जामा औद्योगिक कर्जाको अंश २२.८२ प्रतिशत रहेको छ । यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको औद्योगिक कर्जामा गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा सबैभन्दा बढी ४१.९७ प्रतिशत तथा सबैभन्दा कम खानी सम्बन्धी उद्योगको ०.९५ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योग, निर्माण सम्बन्धी उद्योग, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक सम्बन्धी उद्योग र विद्युत ग्यास तथा पानी सम्बन्धी उद्योगमा क्रमशः ३६.४३ प्रतिशत, ११.६४ प्रतिशत, ६.०७ प्रतिशत र २.९४ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ४.३)*** ।

| तालिका ४.३ : कुल औद्योगिक कर्जा (रु.दश लाखमा) र क्षेत्रगत हिस्सा (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **२०८० असार मसान्त** | **हिस्सा** | **विवरण** | **२०८० असार मसान्त** | **हिस्सा** |
| खानी सम्बन्धी | १,१९७.३२ | ०.९५ | निर्माण | १४,७०१.६१ | ११.६४ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ४६,००६.७१ | ३६.४३ | विद्युत, ग्यास तथा पानी | ३,७११.०१ | २.९४ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ५२,९९६.८८ | ४१.९७ | धातुका उत्पादन,मेसिनरी तथा ईलेक्ट्रोनिक | ७,६७१.८१ | ६.०७ |
| **कुल कर्जा** | | **५,५३,३४१.८६** | **औद्योगिक कर्जाको हिस्सा** | **१,२६,२८५.५७** | **२२.८२** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

यस प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जामा जिल्लागत विश्लेषण गर्दा सबैभन्दा धेरै रुपन्देही जिल्लाको ६०.७१ प्रतिशत हिस्सा रहेको छ भने रुकुम पूर्व जिल्लाको सबैभन्दा कम ०.०२ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी कुल औद्योगिक कर्जामा बाँके, दाङ, नवलपरासी (ब.सु.प.), कपिलवस्तु, बर्दिया, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान र रोल्पा जिल्लाको हिस्सा क्रमशः १५.५७ प्रतिशत, ६.२० प्रतिशत, ५.६८ प्रतिशत, ५.४७ प्रतिशत,१.६७ प्रतिशत,२.८१ प्रतिशत, ०.७९ प्रतिशत, ०.३७ प्रतिशत, ०.४३ प्रतिशत र ०.२९ प्रतिशत रहेको छ ***(तालिका ४.४)*** ।

| तालिका ४.४: कुल औद्योगिक कर्जामा जिल्लागत हिस्सा (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
| रुकुम | ०.०२ | अर्घाखाँची | ०.३७ | कपिलवस्तु | ५.४७ |
| रोल्पा | ०.२९ | पाल्पा | २.८१ | दाङ | ६.२० |
| प्यूठान | ०.४३ | नवलपरासी(ब.सु.प) | ५.६८ | बाँके | १५.५७ |
| गुल्मी | ०.७९ | रुपन्देही | ६०.७१ | बर्दिया | १.६७ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### चुनौती

- पूर्वाधार निर्माणमा आएको शिथिलताका समग्र मागमा कमी आएकोले यस क्षेत्रका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्नु ।
- अर्न्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र कच्चा पदार्थमा भएको मुल्य वृद्धिका कारण बढ्दो उत्पादन लागतले औद्योगिक उत्पादनले आयातित वस्तुहरुसँग प्रतिर्स्पधात्मक क्षमता बिस्तार गर्नु,
- यस प्रदेशको कृषि उत्पादनलाई उद्योग एवम् बजारसँग जोड्न आवश्यक सडक, विद्युत लगायतका औद्योगिक पूर्वाधारहरुको निर्माण गर्नु,
- यस प्रदेशबाट भारत तथा अन्य देशहरुमा रोजगारीका लागि जाने प्रवृत्ति बढ्दै गएको वर्तमान परिस्थितिमा कामदारहरुको क्षमता अभिवृद्धि गरी श्रमशक्ति उद्योगतर्फ आकर्षित गर्नु,
- भैरहवामा रहेको विशेष आर्थिक क्षेत्र (SEZ) लाई पूर्ण क्षमतामा सञ्चालन गर्न तथा स्थापित उद्योगहरु मार्फत निर्यात वृद्धि गर्नु,
- यस प्रदेशमा भईरहेको औद्योगिक विकासको कारण उद्योगहरुबाट निस्कने फोहोर एवम् प्रदुषण व्यवस्थापन गरी अनुकुल बातावरण निर्माण गर्नु,
- सिमेन्ट उद्योगहरुले कच्चा पदार्थको रुपमा प्रयोग गर्ने चुनढुङ्गा उत्खनन हुँदा त्यसको प्रतिकुल प्रभावस्वरुप हुने भू–क्षय, पानीका मुहानको सुरक्षा लगायतका असरहरु न्यूनीकरण गर्नु ।

### सम्भावना

- यस प्रदेशमा रोजिन उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ सल्लाको खोटो पाईने हुनाले हाल भईरहेको रोजिन उत्पादनमा उल्लेख्य वृद्धि गरी भारतीय बजारमा निर्यात गर्ने।
- यस प्रदेशमा सम्भावना बोकेका पहाडी र हिमाली जिल्लाहरुका जडिबुटी तथा मसलाजन्य उत्पादनमा आधारित प्रशोधन केन्द्र/उद्योगको स्थापना गरी निर्यात बढाउन सकिने सम्भावना रहेको छ भने तराईका जिल्लाहरुमा खाद्यान्नमा आधारित उद्योगहरुको स्थापना गर्ने।
- यस प्रदेशमा गुणस्तरीय चुनढुङ्गाको उपलब्धता भएकाले सिमेन्टको उत्पादनमा वृद्धि गरी छिमेकी मुलुक भारतमा समेत निर्यात गर्ने ।
- यस क्षेत्रमा भएको औद्योगिक क्षेत्रबाट निस्केको फोहोरलाई पुनः प्रयोगमा आउन सक्ने वस्तुहरुको उत्पादन गर्ने Recycle Industries को स्थापना ।
- भैरहवा विशेष आर्थिक क्षेत्र (SEZ) मा थप उद्योगहरु स्थापना हुने क्रममा रहनु, रुपन्देहीको मोतिपुर र बाँकेको नौवस्तामा नयाँ औद्योगिक क्षेत्र निर्माण शुरु हुनुले यस प्रदेशमा उद्योगहरु स्थापनाको थप सम्भावना रहेको
छ ।

# परिच्छेद ५

# सेवा क्षेत्र

## ५.१ पर्यटन

यस प्रदेश अन्तर्गतका पर्यटक स्तरीय होटलहरुको होटल शैया सङ्ख्या, कोठा/शैया बिक्री सङ्ख्या, प्रत्यक्ष रोजगारी सङ्ख्या र पर्यटक आगमन सङ्ख्या लगायतका पर्यटकीय सूचकहरुको अवस्था विश्लेषण गर्न स्थलगत सर्वेक्षण मार्फत पाल्पा जिल्लाबाट १, बाँके जिल्लाबाट ३ र रुपन्देही जिल्लाबाट ८ गरी जम्मा १२ वटा पर्यटक स्तरीय होटलहरु छनौट गरिएको छ।

विगतमा कोभिड-१९ को असहज परिस्थितिका कारण मारमा परेको यस प्रदेशको पर्यटनक्षेत्र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन पश्चात क्रमिक रुपमा सुधारोन्मुख भई होटल शैया सङ्ख्या वृद्धि हुनुका साथै विगतका वर्षहरुको तुलनामा पर्यटकहरुको आवागमनमा समेत सुधार हुँदै गएको छ।

**तालिका ५.१: पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर**

| विवरण | दुईवर्ष अघि | गत वर्ष | समीक्षा वर्ष | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | आ.ब.२०७७/०७८ (साउन- असार) | आ.ब.२०७८/७९ (साउन- असार) | आ.ब.२०७९/८० (साउन- असार) | गत वर्ष | समीक्षा वर्ष |
| होटल शैयाको सङ्ख्या | १०५३ | ११२४ | ११४० | ६.७४ | १.४२ |
| कोठा/शैया बिक्री सङ्ख्या (पटकमा) | १,१३,१५८ | १,४७,००२ | १,६७,५६१ | २९.९१ | १३.९९ |
| **प्रत्यक्ष रोजगारी सङ्ख्या** | **५०४** | **६७४** | **७०१** | **३३.७३** | **४.०१** |
| पुरुष सङ्ख्या | ३८६ | ५०५ | ५३० | ३०.८३ | ४.९५ |
| महिला सङ्ख्या | ११८ | १६९ | १७१ | ४३.२२ | १.१८ |
| **पर्यटक आगमन सङ्ख्या** | **९०,८५६** | **१,००,७०१** | **१,३२,६२९** | **१०.८४** | **३१.७१** |
| भारत | ७५,३५१ | ७९,०१९ | ९३,७३८ | ४.८७ | १८.६३ |
| चीन | ४,२४५ | ४,५३६ | ५,२७८ | ६.८६ | १६.३६ |
| तेस्रो मुलुक | ११,२६० | १७,१४६ | ३३,६१३ | ५२.२७ | ९६.०४ |
| **अकुपेन्सी दर (प्रतिशतमा)#** | **२९.४४** | **३५.८३** | **४०.२७** | **२१.७०** | **१२.३९** |

*स्रोत: नमूना छनौटमा परेका होटलहरु*

$$\#\text{अकुपेन्सी दर} = \frac{\text{कोठा/शैया बिक्री सङ्ख्या (पटकमा)}}{\text{(होटल शैयाको सङ्ख्या} \times \text{३६५)}} \times \text{१००\%}$$

### होटल शैया सङ्ख्या

छनौटमा परेका होटलहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा वर्षमा होटल शैया सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १.४२ प्रतिशतले वृद्धि भई १ हजार १ सय ४० पुगेको छ भने गत वर्षको सोही अवधिमा ६.७४ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी समीक्षा वर्षमा कोठा/शैया बिक्री सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १३.९९ प्रतिशतले वृद्धि भई १ लाख ६७ हजार ५६१ रहेको छ भने गत वर्षको सोही अवधिमा २९.९१ प्रतिशतले वृद्धि भएको थियो ***( तालिका ५.१ )।***


### पर्यटन आगमन सङ्ख्या

छनोटमा परेका होटलहरुको समीक्षा वर्षमा पर्यटक आगमन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ३१.७१ प्रतिशतले वृद्धि भई १ लाख ३२ हजार ६२९ भएको छ भने कोभिड-१९ को प्रभाव न्यून हुँदै जाँदा गत वर्षको सोही अवधिमा १०.८४ प्रतिशतले वृद्धि भएको थियो ***(तालिका ५.१)।***

### अकुपेन्सी दर तथा रोजगारी

लुम्बिनी प्रदेशस्थित छनौटमा परेका होटलहरुको अकुपेन्सी दर तथा रोजगारीको अवस्था विश्लेषण गर्दा समीक्षा वर्षमा अकुपेन्सी दर गत वर्षको सोही अवधिको तुलनामा १२.३९ प्रतिशतले वृद्धि भई ४०.२७ प्रतिशत पुगेको छ । गत वर्ष होटलको अकुपेन्सी दर ३५.८३ प्रतिशत रहेको थियो । छनौटमा परेका होटलहरुबाट सिर्जित रोजगारी ४.०१ प्रतिशतले वृद्धि भई पुरुष ५३० र महिला १७१ गरी जम्मा ७०१ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ ***(चार्टः ५.१)।***

**चार्ट ५.१: छनौटमा परेका होटलहरुको अकुपेन्सी दर**




*स्रोतः नमूना छनौटमा परेका होटलहरु*

### बक्स २: सिद्धार्थ केवल कार प्रा. लि .




तिनाउ नदीको तटमा अवस्थित औद्योगिक, पर्यटकीय एवम् धार्मिक विविधता बोकेको रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकाको वडा नं. १ देउराली डाँडादेखि पाल्पा जिल्लाको तिनाउ गाउँपालिका-२, नुवाकोट डाडाँसम्म जोड्ने निर्माणाधीन १.५ कि.मि. दुरीको सिद्धार्थ केवल कार प्रा. लि. कम्पनी ऐन, २०६३ को प्रावधान अन्तर्गत २०६८ कार्तिक २३ मा दर्ता भएको हो ।

४० प्रतिशत स्वपुँजी र ६० प्रतिशत ऋण पुँजी गरी १ अर्ब ३ करोड ३० लाख सत्ताईस हजार लागतमा निर्माण भइरहेको परियोजना रुपन्देही जिल्लाको वडा नं. १ मा रहेको छ । २०७८ फाल्गुन ९ गते आरम्भ भएको उक्त परियोजनाको हालसम्म भौतिक पूर्वाधारतर्फको ८० प्रतिशत र वित्तीयतर्फको ६० प्रतिशत काम सम्पन्न भइसकेको छ । हाल १६ पुरुष र ४ महिला गरी २० जना कर्मचारी कार्यरत रहेको सो परियोजना पूर्ण सञ्चालनमा आइसकेपछि थप २४ जनालाई रोजगारी दिने अनुमान गरिएको छ । नुवाकोटको असहज बाटो, ढुवानी उपकरणहरुको कमी जस्ता समस्याहरु व्यहोरेको उक्त परियोजनाले सञ्चालन पश्चात् स्थानीय नागरिकहरुको जीवनस्तरमा सुधार गर्दै देशको अर्थतन्त्रमा योगदान पुऱ्याउने सम्भावना बोकेको छ ।

त्यस्तै, पर्यटकीय, ऐतिहासिक एवम् साँस्कृतिक हिसाबले महत्वपूर्ण स्थानको रुपमा रहेको नुवाकोट इष्ट इण्डिया कम्पनीसँग कर्णेल उजीर सिंह नेतृत्वको सेनाले लडाई गरी जित गरेको ठाउँ हो । करिब २,६०० वर्ष अगाडि त्रिकालदर्शी ऋषि कालदेवलको तपोभूमि समेत रहेको नुवाकोटमा १५ औं शताब्दीमा राजा रुद्रसेनले भैरव मन्दिर निर्माण गरेका थिए जुन विश्वको पाँचौ भैरव मन्दिर थियो । विगतमा राजा मणिमुकुन्द सेनको गृष्मकालीन दरबार समेत रहेको यस ठाउँमा खरखजनाघर, रानीकुवा जस्ता ऐतिहासिक सम्पदाहरु रहेका छन् । सिद्धार्थ केवलकारको कुल यात्रामा ५ सय मिटरको दुरी जङ्गल क्षेत्र पर्दछ भने बाँकी यात्रामा बुटवल, भैरहवा र परासीसम्मको दृष्यावलोकन गर्न सकिन्छ ।
***(स्रोत :सिद्धार्थ केवल कार प्रा.लि.)***

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १३.२५ प्रतिशतले ह्रास भई ९७ हजार १ सय २० कायम भएको छ । गत वर्षको सोही अवधिमा त्यसअघिको वर्षको तुलनामा उक्त सङ्ख्या ६.८६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व गत वर्षको सोही अवधिको तुलनामा ३७.६७ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ६८ करोड ५० लाख कायम भएको छ । गत वर्षको सोही अवधिमा राजस्व ३३.३६ प्रतिशतले ह्रास भएको थियो । त्यसैगरी, समीक्षा वर्षमा घर/भवन स्थायी नक्सा पास सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १७.४४ प्रतिशले ह्रास आई ६ हजार ९ सय ६२ पुगेको छ ।

गत वर्षको सोही अवधिमा त्यसअघिको वर्षको तुलनामा ४.६९ प्रतिशतले ह्रास भएको थियो । नेपाल सरकारको नीति बमोजिम जग्गा वर्गीकरण नगरी कित्ताकाट गर्न नपाउने व्यवस्था ल्याएको सन्दर्भमा शहरी क्षेत्रका मुल्यवान जग्गाहरुको धेरै खरिद बिक्रि भएको कारण घरजग्गा रजिष्ट्रेशन सङ्ख्यामा ह्रास आएता पनि राजस्व रकममा वृद्धि भएको छ ***(तालिका ५.२) ।***

| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | | | | | |
|---|---|---|---|---|---|
| विवरण | २०७७/७८ (साउन-असार) | २०७८/७९ (साउन-असार) | २०७९/८० (साउन-असार) | प्रतिशत परिवर्तन | |
| | | | | गत वर्ष | समीक्षा वर्ष |
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | १,०४,७६९ | १,११,९५६ | ९७,१२० | ६.८६ | – १३.२५ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | ८,८१७ | ८,४३२ | ६,९६२ | – ४.६९ | – १७.४४ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाख) | ५,१०६.४१ | ३,४०३.१० | ४,६८५.०४ | – ३३.३६ | ३७.६७ |

*मा रहेका मालपोत कार्यालयहरु तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका*

**बक्स ३: बोधी होम्स् आवास परियोजना**






रुपन्देही जिल्लाको ओमसतीया गाउँपालिका वडा नं. ४ मा अवस्थित बोधी होम्स् आवास परियोजना कम्पनी ऐन, २०६३ अन्तर्गत रही मिति २०७६/०४/२१ मा कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा दर्ता भएको हो । ५ बिगाहा क्षेत्रफलमा उक्त परियोजना बोधी होल्डिङ्ग प्रा.लि.ले २०७७ मंसिरदेखि रु. २ अर्बको लगानीमा आवास निमार्ण कार्य गर्दै आईरहेको छ । उक्त परियोजनाको २०८१ असोज मसान्तसम्ममा १०४ वटा आधुनिक घर, स्वीमिङ्ग पुल, सामुदायिक हल, पार्क क्षेत्र, जिम हल र सौना बाथ सहितको सुविधा सम्पन्न आवासीय भवनहरु निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ । २०८० असार मसान्त सम्ममा यस परियोजनाको ६५ प्रतिशत कार्य प्रगति हासिल भएको छ । आधुनिक, एकीकृत एवम् सुरक्षित बस्ती विकास गर्ने नीति अनुरुप स्थापना भई निर्माण कार्य अगाडि बढेको उक्त परियोजनाबाट महिला २९ र पुरुष १०९ गरी जम्मा १३८ स्वदेशी जनशक्ति रोजगारी प्राप्त गरेको छ भने १६ जना विदेशी नागरिकले समेत प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । यस परियोना निर्माण सम्पन्न भए पश्चात् उक्त क्षेत्रमा आर्थिक गतिविधि बढ्न गई थप रोजगारी सिर्जना हुन सक्ने देखिन्छ ।

***(स्रोत: बोधी होल्डिङ्ग प्रा.लि, रुपन्देही )।***

## ५.३ वित्तीय सेवा

### बैंक तथा वित्तीय संस्थाका शाखा सङ्ख्या


नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्राप्त तथ्याङ्क अनुसार २०८० असार मसान्तसम्ममा यस प्रदेशमा क वर्गका ७४८, ख वर्गका २५७, ग वर्गका ४६ र घ वर्गका ११६२ गरी जम्मा २२१३ वटा बैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्चालनमा रहेका छन् । यसमध्ये रुपन्देही जिल्लामा सबैभन्दा बढी ५५३ वटा र रुकुम पूर्व जिल्लामा सबैभन्दा कम १७ वटा शाखाहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी, दाङ, बाँके, कपिलवस्तु, बर्दिया, नवलपरासी, पाल्पा, गुल्मी, प्यूठान, अर्घाखाँची र रोल्पामा क्रमश ३०२, २५७, २२८, २२५, १८५, १२६, ११४, ७७, ६८ र ६१ वटा शाखाहरु रहेका छन् (***चार्ट ५.२)*** ।




*स्रोत: नेपाल राष्ट्र बैंक*

### मोबाईल बैंकिङ्ग तथा ईन्टरनेट बैंकिङ्ग दर्ता सङ्ख्या र शाखा रहित बैंकिङ्ग सेवा

समीक्षा वर्षमा यस प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुमा ३४ लाख ७१ हजार ३०९ मोबाईल बैंकिङ्ग सेवा र २ लाख ४० हजार ९२ ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता भएको छ भने वाणिज्य बैंकहरुले २२२ शाखा रहित बैंकिङ्ग सेवा उपलब्ध गराएका छन् । जिल्लागत रुपमा कुल मोबाईल बैंकिङ्ग सेवा दर्ता सङ्ख्या तुलना गर्दा समीक्षा वर्षमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ३२.९८ प्रतिशत रहेको छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.४१ प्रतिशत रहेको छ र ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता सङ्ख्या तुलना गर्दा समीक्षा वर्षमा रुपन्देही जिल्लाको हिस्सा सवैभन्दा धेरै ४९.०९ प्रतिशत रहेको छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.०५ प्रतिशत रहेको छ । त्यसैगरी वाणिज्य बैंकहरुको कुल शाखा रहित बैंकिङ्ग सेवा तुलना गर्दा समीक्षा वर्षमा गुल्मी जिल्लाको हिस्सा सबैभन्दा धेरै २१.१७ प्रतिशत रहेको छ भने प्यूठान जिल्लाको हिस्सा सबैभन्दा कम ०.४५ प्रतिशत रहेको छ ***(चार्ट: ५.३) ।***




*स्रोतः नेपाल राष्ट्र बैंक*

## कुल निक्षेप

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप गत वर्षको तुलनामा १८.६६ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ६ अर्ब ९६ करोड ३ लाख पुगेको छ । जिल्लाहरुको कुल निक्षेपको अवस्था तुलना गर्दा समीक्षा वर्षमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४३.३३ प्रतिशत रहेको छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.२९ प्रतिशत रहेको छ । त्यसैगरी, कुल निक्षेपमा बाँके, दाङ, कपिलवस्तु, पाल्पा, गुल्मी, नवलपरासी(ब.सु.प.), अर्घाखाँची, बर्दिया, प्यूठान र रोल्पाको हिस्सा क्रमश ११.३० प्रतिशत, १०.६५ प्रतिशत, ६.६१ प्रतिशत, ६.५३ प्रतिशत, ५.६६ प्रतिशत, ५.६० प्रतिशत, ३.४२ प्रतिशत, ३.२० प्रतिशत, २.१४ प्रतिशत र १.२६ प्रतिशत रहेको छ ***(तालिका ५.३)*** ।

**तालिका ५.३: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था**

| जिल्ला | कुल निक्षेप (रु. दश लाखमा) | कुल निक्षेपको अंश (प्रतिशतमा) | कुल कर्जा (रु. दश लाखमा) | कुल कर्जाको अंश (प्रतिशतमा) | कर्जा/निक्षेप अनुपात (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| रुकुम पूर्व | १,४८२.२२ | ०.२९ | ९०१.२९ | ०.१६ | ६०.८१ |
| रोल्पा | ६,३७९.०२ | १.२६ | ३,१६८.७४ | ०.५७ | ४९.६७ |
| प्यूठान | १०,८७३.४६ | २.१४ | ६,६०५.२४ | १.१९ | ६०.७५ |
| गुल्मी | २८,६८२.९१ | ५.६६ | ७,५७०.२५ | १.३७ | २६.३९ |
| अर्घाखाँची | १७,३१६.४३ | ३.४२ | ३,५३६.३१ | ०.६४ | २०.४२ |
| पाल्पा | ३३,१२५.२६ | ६.५३ | १८,०८८.९१ | ३.२७ | ५४.६१ |
| नवलपरासी (ब.सु.प.) | २८,४०८.७६ | ५.६० | ३७,२५४.०८ | ६.७३ | १३१.१४ |
| रुपन्देही | २,१९,६६६.३५ | ४३.३३ | २,७२,२२०.६२ | ४९.२१ | १२३.९२ |
| कपिलवस्तु | ३३,५२२.८४ | ६.६१ | ३०,५४८.२३ | ५.५२ | ९१.१३ |
| दाङ | ५३,९९६.२६ | १०.६५ | ६६,९३८.६९ | १२.१० | १२३.९७ |
| बाँके | ५७,२९७.३१ | ११.३० | ८८,९८१.४९ | १६.०५ | १५४.९७ |
| बर्दिया | १६,२०९.५७ | ३.२० | १७,५२८.०१ | ३.१७ | १०८.१३ |
| **लुम्बिनी प्रदेश** | **५,०६,९६०.३९** | **१००** | **५,५३,३४१.८६** | **१००** | **१०९.११** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### चल्ती निक्षेप

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको चल्ती निक्षेप गत वर्षको तुलनामा ५.९३ प्रतिशतले वृद्धि भई रु.३७ अर्ब ६८ करोड ४९ लाख पुगेको छ । गत आर्थिक वर्षमा यस्तो निक्षेप १०.८२ प्रतिशतले ह्रास भएको थियो । समीक्षा वर्षमा यस प्रदेशको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ७.४३ प्रतिशत रहेको छ ।

### बचत निक्षेप

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको बचत निक्षेप गत वर्षको तुलनामा १०.८१ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ९५ अर्ब ४६ करोड १८ लाख पुगेको छ । गत आर्थिक वर्षमा यस्तो निक्षेप १३.७२ प्रतिशतले ह्रास भएको थियो । समीक्षा वर्षमा यस प्रदेशको कुल निक्षेपमा बचत निक्षेपको अंश ३८.५५ प्रतिशत रहेको छ ।

### मुद्धती निक्षेप

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको मुद्धती निक्षेप गत वर्षको तुलनामा २९.३१ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ४४ अर्ब ९ लाख पुगेको छ । गत आर्थिक वर्षमा यस्तो निक्षेप ४७.३३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा यस प्रदेशको कुल निक्षेपमा मुद्धती निक्षेपको अंश ४८.१३ प्रतिशत रहेको छ ।

### अन्य निक्षेप

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको अन्य निक्षेप गत वर्षको तुलनामा १२.१४ प्रतिशतले वृद्धि भई रु. २९ अर्ब ८१ करोड २७ लाख पुगेको छ । गत आर्थिक वर्षमा यस्तो निक्षेप ६.९२ प्रतिशतले ह्रास भएको थियो । समीक्षा वर्षमा यस प्रदेशको कुल निक्षेपमा अन्य निक्षेपको अंश ५.८८ प्रतिशत रहेको छ ।

### कुल कर्जा

समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत वर्षको तुलनामा २.७१ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ५३ अर्व ३४ करोड १८ लाख पुगेको छ । गत आर्थिक वर्षमा १४.९८ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाको यस प्रदेशको कर्जा/निक्षेप अनुपात १०९.२९ प्रतिशत रहेको छ ***(तालिका ५.३) ।***

जिल्लाहरुको कुल कर्जाको अवस्था तुलना गर्दा समीक्षा वर्षमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४९.२१ प्रतिशत रहेको छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.१६ प्रतिशत रहेको छ । त्यसैगरी, समीक्षा वर्षमा कर्जा/निक्षेप अनुपात सबैभन्दा धेरै १५४.३९ प्रतिशत बाँके जिल्लामा रहेको छ भने सबैभन्दा कम १७.६५ प्रतिशत अर्घाखाँची जिल्लामा रहेको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुका यस प्रदेशमा ऋणीहरुको सङ्ख्या गत वर्षको तुलनामा ७.५७ प्रतिशतले ह्रास भई २ लाख ९४ हजार ४९२ पुगेको छ ***(तालिका ५.३) ।***

| तालिका ५.४: विपन्न वर्ग तथा सहुलियपूर्ण कर्जा (प्रतिशतमा) | | |
|---|---|---|
| **जिल्ला** | **विपन्न वर्ग कर्जा** | **सहुलियपूर्ण कर्जा** |
| रुकुम पूर्व | ०.२२ | ०.११ |
| रोल्पा | १.२८ | ०.६४ |
| प्यूठान | २.६३ | १.६१ |
| गुल्मी | २.५५ | २.२४ |
| अर्घाखाँची | १.३१ | १.६५ |

| | | |
|---|---|---|
| पाल्पा | ९.०८ | ११.४५ |
| नवलपरासी (ब.सु.प.) | ८.३० | १०.४७ |
| रुपन्देही | ४४.७६ | ३३.९७ |
| कपिलवस्तु | ६.१६ | ८.२६ |
| दाङ | ११.३१ | १२.९१ |
| बाँके | ८.२३ | १२.१३ |
| बर्दिया | ४.१९ | ४.५६ |
| **कुल कर्जामा हिस्सा प्रतिशत** | **७.५९** | **५.२४** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### विपन्न वर्ग कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको विपन्न वर्ग कर्जा गत वर्षको तुलनामा ०.९० प्रतिशतले ह्रास भई रु.४२ अर्ब ५ करोड २९ लाख पुगेको छ । गत वर्ष यस्तो कर्जा २९.०१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा यस प्रदेशको कुल कर्जामा विपन्न वर्ग कर्जाको ७.५९ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ५.४)***।

### सहुलियतपूर्ण कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको सहुलियतपूर्ण कर्जा गत वर्षको तुलनामा १०.५४ प्रतिशतले ह्रास भई रु.२९ अर्ब ८४ करोड ३३ लाख पुगेको छ । समीक्षा वर्षमा यस प्रदेशको कुल कर्जामा सहुलियतपूर्ण कर्जाको ५.२४ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ५.४)***।

### इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

समीक्षा वर्षमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुबाट इजाजतपत्र प्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको सङ्ख्या ७५ रहेको छ । जसमध्ये, मनिचेञ्जर ५९, होटल/रिसोर्ट ८, ट्राभल एजेन्सी २, ट्रेकिङ्ग एजेन्सी १ र अन्य १ वटा रहेका छन । कुल एजेन्सीहरुमध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ४५ वटा र सबैभन्दा कम नवलपरासी (ब.सु.प.)मा १ वटा मात्र रहेका छन् ***(तालिका ५.५)।***

**तालिका ५.५: इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण**

| जिल्ला | मनिचेञ्जर | होटेल/रिसोर्ट | ट्राभल एजेन्सी | ट्रेकिङ्ग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| नवलपरासी (ब.सु.प.) | ३ | | | | | **३** |
| रुपन्देही | ३८ | ५ | २ | | | **४५** |
| कपिलवस्तु | ९ | | | | | **९** |
| पाल्पा | | १ | | | | **१** |
| बाँके | ९ | ६ | | १ | १ | **१७** |
| **जम्मा** | **५९** | **१२** | **२** | **१** | **१** | **७५** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## फण्ड ट्रान्सफर

लुम्बिनी प्रदेश अन्तर्गत, नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुको कार्य क्षेत्र अन्तर्गत पर्ने १० वटा जिल्ला अन्तर्गत रहेका नोटकोषहरुमा फण्ड ट्रान्सफर कार्य गर्ने गरिन्छ । समीक्षा वर्षमा विभिन्न नोटकोषहरुमा फण्ड ट्रान्सफर गत वर्षको तुलनामा २२ प्रतिशतले वृद्धि भई रु. २५ अर्ब ७९ करोड रुपैयाँ पुगेको छ *(**तालिका ५.६**)*।

| तालिका ५.६: फण्ड ट्रान्सफर | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | सीमा | | रकम (रु. करोडमा) | | प्रतिशत परिवर्तन |
| | आ.व.२०७८/०७९ (साउन- असार) | आ.व.२०७९/०८० (साउन- असार) | आ.व.२०७८/०७९ (साउन- असार) | आ.व.२०७९/०८० (साउन- असार) | |
| रोल्पा | ३५ | ३५ | १९५ | २०५.१८ | ५.२ |
| प्यूठान | ३५ | ३५ | १९५ | २०१.२१ | ३.२ |
| गुल्मी | ५५ | ५५ | २८५ | ३१९.७७ | १२.२ |
| अर्घाखाँची | ४५ | ४५ | २४० | १७२.८२ | -२८.० |
| पाल्पा | ५० | ५० | ३६० | २९८.२५ | -१७.२ |
| नवलपरासी (ब.सु.प.) | ४५ | ४५ | २०० | १५५ | -२२.५ |
| कपिलवस्तु | ४५ | ४५ | ३०५ | ३२९ | ७.९ |
| नवलपरासी (ब.सु.पू.)# | | ४० | | ३३३.१० | |
| रुकुम (पूर्व) | ३० | ३० | ८५ | ९७ | १४.१ |
| रुकुम (पश्चिम) | ३० | ३० | ६० | ९० | ५०.० |
| दाङ | ११० | ११० | ० | १९० | |
| बर्दिया | ३० | ३० | १९० | १८८.०७ | -१.० |
| **जम्मा** | **५१०.००** | **५५५.००** | **२,११५.००** | **२,५७९.४०** | **२२.०** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

**# आर्थिक वर्ष २०७९/०८० बाट मात्र सञ्चालनमा आएको**

## परिवर्त्य विदेशी मुद्रा

लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुको कार्यक्षेत्र अन्तर्गत परिवर्त्य विदेशी मुद्रा खरिद कार्य गत वर्षको सोही अवधिको तुलनामा ४५.८४ प्रतिशतले वृद्धि भई कुल रु. ५५ करोड ३६ लाख खरिद भएको छ । खरिद गरिएका परिवर्त्य विदेशी मुद्राहरुमा अमेरिकी डलर ७२.९२ प्रतिशत, युरो ४८.३७ प्रतिशत र अन्य विदेशी मुद्रा १४.५० प्रतिशतले वृद्धि भएको छ (***तालिका ५.७***) ।

| तालिका ५.७: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण *(रु. करोडमा)* | | | | | |
|---|---|---|---|---|---|
| विवरण | दुई वर्ष अघि | गत वर्ष | समीक्षा वर्ष | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
| | आ.व.२०७७/७८ ( साउन-असार) | आ.व.२०७८/७९ (साउन-असार) | आ.व.२०७९/८० (साउन-असार) | | |
| US$ | २६.१० | १७.८७ | ३०.९० | -३१.५३ | ७२.९२ |
| Euro | ९.३९ | ४.३० | ६.३८ | - | ४८.३७ |
| अन्य | ३३.०७ | १५.७९ | १८.०८ | - | १४.५० |
| **जम्मा** | **६६.५६** | **३७.९६** | **५५.३६** | **-** | **४५.८४** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

### भारतीय मुद्रा खरिद/बिक्री

लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुबाट भारतीय मुद्रा खरिद तथा बिक्री कार्य निरन्तर हुँदै आइरहेको छ । समीक्षा वर्षमा भारतीय मुद्रा खरिद गत वर्षको तुलनामा २७६.८६ प्रतिशतले वृद्धि भई कुल रु. ४ करोड ५६ लाख बराबर खरिद भएको छ भने भारतीय मुद्राको बिक्री ८६.३३ प्रतिशतले वृद्धि भई रु. ६ करोड ९५ लाख भएको छ । यसैगरी, गत वर्ष नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयबाट बैंकिङ विभाग, केन्द्रीय कार्यालयमा रु. ५ करोड बराबरको भा.रु. पठाइएकोमा समीक्षा वर्षमा केन्द्रीय कार्यालय तथा अन्य कार्यालयमा यस प्रदेश अन्तर्गतका कार्यालयबाट भा.रु. रकम पठाइएको छैन (***तालिका ५.८***)।

**तालिका ५.८ : भारतीय मुद्रा खरिद बिक्री विवरण** *(रु. करोडमा)*

| विवरण | दुई वर्ष अघि | गत वर्ष | समीक्षा वर्ष | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व.२०७७/७८ (साउन-असार) | आ.व.२०७८/७९ (साउन-असार) | आ.व.२०७९/८० (साउन-असार) | | |
| भा.रु. खरिद (रु. करोडमा) | ३.६० | १.२१ | ४.५६ | -६६.३९ | २७६.८६ |
| भा.रु बिक्री (रु. करोडमा) | ४६.४२ | ३.७३ | ६.९५ | -९१.९६ | ८६.३३ |
| केन्द्रीय कार्यालय तथा अन्य कार्यालयमा प्रेषित | ७४.०० | ५.०० | - | -९३.२४ | -१००.० |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

## ५.४ यातायात तथा सञ्चार

### यातायात क्षेत्र

लुम्बिनी प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुबाट प्राप्त विवरण अनुसार २०८० असार मसान्तसम्म कुल सवारी साधन सङ्ख्या गत वर्षसम्मको तुलनामा ६.५० प्रतिशतले वृद्धि भई १२ लाख ४० हजार ६०८ पुगेको छ । जसमध्ये मोटरसाईकलको सङ्ख्या ७.०७ प्रतिशतले वृद्धि भई १० लाख ७० हजार ५७ पुगेको छ भने अन्य सवारी साधनको सङ्ख्या ३ प्रतिशतले वृद्धि भई १ लाख ७० हजार ५५१ पुगेको छ (***तालिका ५.९***) ।

**तालिका ५.९ : यातायात सेवाको अवस्था**

| विवरण | २०७९ असार मसान्तसम्म | २०८० असार मसान्तसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **यातायातका साधनको कुल सङ्ख्या** | **११,६४,९३३.००** | **१२,४०,६०८.००** | **६.५०** |
| मोटरसाईकल | ९,९९,३५३.०० | १०,७०,०५७.०० | ७.०७ |
| अन्य.. | १,६५,५८०.०० | १,७०,५५१.०० | ३.०० |

*स्रोत : बुटवल, नेपालगञ्ज र दाङ यातायात व्यवस्था कार्यालय*

### सञ्चार क्षेत्र

लुम्बिनी प्रदेशमा समीक्षा वर्षमा गत वर्षको तुलनामा नेपाल टेलिकमद्धारा वितरित टेलिफोन सङ्ख्यामा १८.०७ प्रतिशतले वृद्धि भई ३० लाख २० हजार १ सय ९९ पुगेको छ । त्यसैगरी, इन्टरनेट सेवा समीक्षा वर्षमा गत वर्षको तुलनामा १८.८४ प्रतिशतले वृद्धि भई ६४ हजार १ सय ६६ पुगेको छ ***(तालिका ५.१०)।***

| तालिका ५.१० : सञ्चार क्षेत्रको अवस्था | | | |
|---|---|---|---|
| विवरण | २०७९ असार मसान्तसम्म | २०८० असार मसान्तसम्म | प्रतिशत परिवर्तन |
| **टेलिफोन सेवा** | **२५,५८,०५५.००** | **३०,२०,१९९.००** | **१८.०७** |
| स्थायी (Fixed) | ५४,३८८.०० | ५४,५१८.०० | ०.२४ |
| मोबाईल | २५,०३,६६७.०० | २९,६५,६८१.०० | १८.४५ |
| अन्य | ०.०० | ०.०० | ०.०० |
| **ईन्टरनेट सेवा** | **५३,९९५.००** | **६४,१६६.००** | **१८.८४** |
| Fixed Broadband (Wired) | ५३,९९५.०० | ६३,७४९.०० | १८.०६ |
| Fixed Broadband (Wireless) | ०.०० | ०.०० | ०.०० |
| Mobile Broadband# | ०.०० | ४१७.०० | |

***# २०७९/८० बाट मात्र वितरण शुरु गरिएको***

*स्रोतः नेपाल टेलिकम लुम्बिनी प्रदेश प्रादेशिक निर्देशानलय*

## ५.५ शिक्षा तथा स्वास्थ्य सेवा

### शिक्षा सेवा

समीक्षा वर्षमा लुम्बिनी प्रदेशमा कुल विद्यालय (सरकारी/सामुदायिक, संस्थागत/निजी, प्राविधिक) सङ्ख्या ६ हजार २ सय ४० पुगेको छ जुन गत वर्षभन्दा २१ ले कमी हो । त्यसैगरी, सोही अवधिमा यस प्रदेशमा कुल १६० वटा क्याम्पसहरु रहेका छन् जुन गत वर्षभन्दा १२ ले बढी हो । समीक्षा वर्षमा गत वर्षको सोही अवधिको तुलनामा संस्थागत/निजी विद्यालयमा विद्यार्थी सङ्ख्या ९.३१ प्रतिशत, प्राविधिक शिक्षालयका विद्यार्थी सङ्ख्या २.०९ प्रतिशतले वृद्धि भएको छ भने सरकारी/सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्यामा ३.०७ प्रतिशतले ह्रास भएको छ । त्यसैगरी, क्याम्पसहरुमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या १९.०४ प्रतिशतले वृद्धि भएको छ । यस प्रदेशमा रहेका सम्पुर्ण शैक्षिक संस्थाहरुमा कुल १५ लाख १२ हजार ६ सय ७५ जना विद्यार्थीहरुका लागि ४५ हजार १ सय ३४ शिक्षकहरु कार्यरत रहेका छन् ***(तालिका ५.११)*** ।

| तालिका ५.११: शिक्षा सेवा क्षेत्रको विवरण | | | | | |
|---|---|---|---|---|---|
| विवरण | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन- असार) | समीक्षा वर्ष आ.ब.२०७९/८० (साउन- असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
| **१. सरकारी/सामुदायिक विद्यालय** | | | | | |
| विद्यालय सङ्ख्या | ४,५४८ | ४,६८६ | ४,६६२ | ३.०३ | - ०.५१ |
| विद्यार्थी सङ्ख्या | १०,४६,५९१ | १०,८२,२४३ | १०,४९,०१२ | ३.४१ | - ३.०७ |
| शिक्षक सङ्ख्या | २८,४०२ | २९,२४० | २७,६६१ | २.९५ | - ५.४० |
| **२. संस्थागत/निजी विद्यालय** | ० | ० | ० | | |
| विद्यालय सङ्ख्या | १,३२५ | १,३८७ | १,३८७ | ४.६८ | ० |
| विद्यार्थी सङ्ख्या | ३,५४,७४१ | ३,९३,४९४ | ४,३०,११८ | १०.९२ | ९.३१ |
| शिक्षक सङ्ख्या | १४,११४ | १७,२६७ | १४,९३३ | २२.३४ | -१३.५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| **३. प्राविधिक शिक्षालय** | | | | | |
| शिक्षालय सङ्ख्या | १८० | १८८ | १९१ | ४.४४ | १.६० |
| विद्यार्थी सङ्ख्या | ११,३४९ | १०,४१० | १०,६२८ | -८.२७ | २.०९ |
| शिक्षक सङ्ख्या | १,५४० | १,६९८ | १,७०८ | १०.२६ | ०.५९ |
| **४. विश्वविद्यालयमा आबद्ध भएका क्याम्पस** | | | | | |
| क्याम्पस सङ्ख्या | १४२ | १४८ | १६० | ४.२३ | ८.११ |
| विद्यार्थी सङ्ख्या | ३२,७८१ | १९,२५२ | २२,९१७ | - ४१.२७ | १९.०४ |
| शिक्षक सङ्ख्या | ७७३ | ७४३ | ८३२ | - ३.८८ | ११.९८ |

*स्रोत : जिल्लागतरुपमा रहेका जिल्ला समन्वय इकाई, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् तथा क्याम्पसहरु*

### स्वास्थ्य सेवा

समीक्षा वर्षमा लुम्बिनी प्रदेशमा सरकारी र निजी अस्पतालहरुको सङ्ख्या १ सय ६ रहेको छ । गत वर्षमा भने सो सङ्ख्या १ सय १ मात्र रहेको थियो । समीक्षा वर्षमा गत वर्षको सोही अवधिको तुलनामा सरकारी अस्पतालमा कार्यरत चिकित्सक सङ्ख्या आवश्यक दरबन्दी अनुसार पदपुर्ति हुँदा १४.६६ प्रतिशतले वृद्धि भई ३ सय ९१ पुगेको छ भने निजी अस्पतालहरुमा चिकित्सक सङ्ख्यामा २७.४६ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, यस प्रदेशमा रहेका अस्पतालहरुमा भएका शैया सङ्ख्या गत वर्ष सरकारी र निजी अस्पतालहरुमा ५ हजार ५ सय ६७ रहेकोमा समीक्षा वर्षमा ८.९६ प्रतिशतले वृद्धि भई ६ हजार ६६ पुगेको छ ***(तालिका ५.१२)*।**

**तालिका ५.१२ :स्वास्थ्य क्षेत्रको स्थिति विवरण**

| विवरण | आ.व. २०७७/०७८ (साउन-असार) | आ.ब. २०७८/०७९ (साउन- असार) | समीक्षा वर्ष आ.व.२०७९/८० (साउन- असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **१. सरकारी/सामुदायिक अस्पताल** | | | | | |
| अस्पताल सङ्ख्या | ३३ | ३६ | ४० | ९.०९ | ११.११ |
| चिकित्सक सङ्ख्या | ३३५ | ३४१ | ३९१ | १.७९ | १४.६६ |
| शैया सङ्ख्या | १,६२५ | १,६९५ | १,७८५ | ४.३१ | ५.३१ |
| **२. निजी अस्पताल** | | | | | |
| अस्पताल सङ्ख्या | ५९ | ६५ | ६६ | १०.१७ | १.५४ |
| चिकित्सक सङ्ख्या | ९७० | ९६५ | १,२३० | - ०.५२ | २७.४६ |
| शैया सङ्ख्या | ३,७३० | ३,८७२ | ४,२८१ | ३.८१ | १०.५६ |

*स्रोत : जिल्लागत रुपमा रहेका स्वास्थ्य कार्यालयहरु*

## ५.६ सेवा क्षेत्र कर्जा

समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा कर्जा गत वर्षको तुलनामा ८.२५ प्रतिशतले वृद्धि भई २ खर्ब ३२ अर्ब ७९ करोड ४१ लाख भएको छ । गत वर्ष यस्तो कर्जा त्यसअघिको वर्षको तुलनामा ११.७७ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा सेवा क्षेत्र कर्जाको हिस्सा ४२.०७ प्रतिशत रहेको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल सेवा कर्जामा सबैभन्दा धेरै रुपन्देही जिल्लाको ५२.०२ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्वको ०.०८ प्रतिशत हिस्सा रहेको छ । यसैगरी, कुल सेवा कर्जाको जिल्लागत हिस्सामा बाँके, दाङ, नवलपरासी(ब.सु.प.), कपिलवस्तु, बर्दिया, पाल्पा, गुल्मी, प्यूठान, अर्घाखाँची र रोल्पाको हिस्सा क्रमशः १७.१८ प्रतिशत, १०.२३ प्रतिशत, ६.४२ प्रतिशत, ४.०९ प्रतिशत, ३.११ प्रतिशत, ३.५२ प्रतिशत, १.२७ प्रतिशत, ०.९९ प्रतिशत, ०.५२ प्रतिशत र ०.४७ प्रतिशत रहेको छ ***(तालिका ५.१३)*** ।

**तालिका ५.१३: कुल सेवा कर्जाको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा)**

| जिल्ला | रकम (रु.दश लाखमा ) | हिस्सा | जिल्ला | रकम (रु.दश लाखमा ) | हिस्सा | जिल्ला | रकम (रु.दश लाखमा ) | हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| रुकुम पूर्व | १९१.७० | ०.०८ | अर्घाखाँची | १,२१९.७८ | ०.५२ | कपिलवस्तु | ९,५१९.१२ | ४.०९ |
| रोल्पा | १,०९३.७८ | ०.४७ | पाल्पा | ८,१९४.०१ | ३.५२ | दाङ | २४,०५२.६८ | १०.२ |
| प्यूठान | २,२९७.९७ | ०.९९ | नवलपरासी (ब.सु.प.) | १४,९३४.८८ | ६.४२ | बाँके | ३९,९९८.९२ | १७.१८ |
| गुल्मी | २,९४५.८९ | १.२७ | रुपन्देही | १२,११०४.५ | ५२.० | बर्दिया | ७,२४०.८१ | ३.११ |
| | | | | | | **लुम्बिनी प्रदेश** | **२,३२,७९४.१०** | |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## ५.७ सहकारी

यस अध्ययनमा लुम्बिनी प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरुमध्येबाट रुपन्देहीका ५, नवलपरासी (ब.सु.प.)का २, पाल्पाका २, कपिलवस्तुका १ तथा बाँके जिल्लाका ३ गरी जम्मा १३ वटा सहकारी संस्थाहरु समेटिएका छन् । उक्त सहकारी संस्थाहरुको स्थलगत सर्वेक्षण गरी पुँजी, बचत, ऋण, सदस्य सङ्ख्या र रोजगारी सङ्ख्या सम्बन्धी तथ्याङ्कको विश्लेषण गरिएको छ ।

### कुल पुँजी

अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको कुल पुँजी समीक्षा वर्षमा ५.०६ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ४२ करोड ७६ लाख पुगेको छ । गत वर्षमा भने सो पुँजीमा ८.७९ प्रतिशतले वृद्धि भएको थियो (तालिका ५.१४) ।

### बचत परिचालन

अध्ययनमा समावेश गरिएका बचत तथा ऋण सहकारी संस्थाहरुको बचत समीक्षा वर्षमा गत वर्षको तुलनामा १.४१ प्रतिशतले वृद्धि भई रु.९ अर्ब ११ करोड ५६ लाख पुगेको छ । अघिल्लो वर्षमा उक्त बचत ४.४४ प्रतिशतले वृद्धि भएको थियो ***(तालिका ५.१४)*** ।

### कुल ऋण प्रवाह

अध्ययनमा समेटिएका बचत तथा ऋण सहकारी संस्थाहरुले समीक्षा वर्षमा प्रवाह गरेको कर्जामा गत वर्षको तुलनामा १.४७ प्रतिशतले ह्रास आई रु.९ अर्ब ५२ करोड ८५ लाख पुगेको छ । अघिल्लो वर्ष उक्त कर्जामा १८.८१ प्रतिशतले वृद्धि भएको थियो ***(तालिका ५.१४)*** ।

### सदस्य तथा कर्मचारी सङ्ख्या

समीक्षा वर्षसम्ममा अध्ययनमा समेटिएका बचत तथा ऋण सहकारी संस्थाहरुमा आबद्ध सदस्य सङ्ख्या गत वर्षको तुलनामा १५.८५ प्रतिशतले वृद्धि भई १ लाख ९ हजार ७ सय ९६ जना पुगेको छ । उक्त सङ्ख्या गत वर्ष २०.३४ प्रतिशतले बढेको थियो । त्यसैगरी कर्मचारी सङ्ख्या गत वर्षको तुलनामा ८.४४ प्रतिशतले वृद्धि भई ३ सय ४७ पुगेको छ । उक्त सङ्ख्या गत वर्ष ११.५० प्रतिशतले बढेको थियो ***(तालिका ५.१४)*** ।

| तालिका ५.१४: सहकारी सेवा | | | | | |
|---|---|---|---|---|---|
| विवरण | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन- असार) | समीक्षा वर्ष आ.व.२०७९/८० (साउन- असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
| कुल पुँजी (रु.दश लाखमा) | ३,८७३.८१ | ४,२१४.२१ | ४,४२७.६१ | ८.७९ | ५.०६ |
| कुल बचत (रु.दश | ८,६०६.३१ | ८,९८८.६७ | ९,११५.६७ | ४.४४ | १.४१ |
| कुल ऋण (रु.दश लाखमा) | ८,१३९.९३ | ९,६७०.९६ | ९,५२८.५२ | १८.८१ | -१.४७ |
| सदस्य सङ्ख्या | ७८,७५८ | ९४,७७८ | १,०९,७९६ | २०.३४ | १५.८५ |
| कर्मचारी सङ्ख्या | २८७ | ३२० | ३४७ | ११.५० | ८.४४ |

*स्रोत: अध्ययनमा समावेश गरिएका सहकारीहरु*

## ५.८ सेवा क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- यस प्रदेशमा निर्माण सम्पन्न भई सञ्चालनमा रहेका गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र गुल्मीको रेसुङ्गा विमानस्थलहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्नु ।
- यस प्रदेशमा रहेका प्रमुख पर्यटक स्थलहरुमा छिमेकी मुलुक तथा तेस्रो मुलुकबाट आउने पर्यटकहरुलाई सुरक्षाको पूर्ण पत्याभूति प्रदान गर्दै गुणस्तरीय पूवार्धारहरुको निर्माण सहित बसाई अवधि लम्ब्याउने कार्य ।
- यस प्रदेशमा रहेका सहकारी संस्थाहरुको प्रभावकारी नियमन गर्ने कार्य ।
- शैक्षिक संस्थाहरुमा आवश्यक पूर्वाधार निर्माण एवम् गुणस्तरीय प्राविधिक शिक्षाको प्रत्याभूति प्रदान गर्दै वैदेशिक अध्ययनमा जाने प्रवृत्तिलाई न्यूनीकरण गर्नु ।
- यस प्रदेशका पहाडी जिल्लाहरुमा दरबन्दी अनुरुपको विशेषज्ञ चिकित्सकहरुको पदपूर्ति एवम् नियमित सेवा प्रदान गर्ने कार्य ।
- बढ्दो क्रममा रहेको विद्युतीय सवारी साधनहरुको प्रयोगलाई आवश्यक पूर्वाधारहरुको निर्माण गरी पेट्रोलियम पदार्थको खपत कम गरी हरित उर्जा प्रवर्द्धन गर्नु ।
- वित्तीय साक्षरताको प्रवर्द्धन गरी वित्तीय पहुँचबाट टाढा रहेका ग्रामीण युवा वर्गलाइ बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान गरिने सहुलियतपूर्ण कर्जाहरु मार्फत कृषि, पशुपालन लगायतका उत्पादनशील क्षेत्रहरुमा जोड्ने कार्य ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको थालनीसँगै यस क्षेत्रमा निर्माण भएका एवम् निर्माणाधिन पर्यटकस्तरीय होटलहरुको पूर्णरुपमा सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्ने कार्य ।
- अध्यागमन कार्यालयले पर्यटकहरुबाट भिसा शुल्क नगद अमेरिकी डलरमा मात्र लिने व्यवस्था हुँदा अन्य विदेशी मुद्रा लिई आउने पर्यटकहरुले सटहीको झमेला व्यहोर्नु परेको गुनासो गर्ने गरेकाले नेपालको बारेमा अन्तर्राष्ट्रियस्तरमा नकारात्मक सन्देश प्रवाह हुन सक्ने ।
- यस प्रदेशका राजमार्गहरुमा खुला छाडिएका पशुचौपायाहरुको यथोचित व्यवस्थापन गर्ने कार्य ।

## सम्भावना

- यस प्रदेशमा रहेका धार्मिक, सास्कृतिक एवम् ऐतिहासिक पर्यटकीय स्थलहरुको स्तरोन्नती तथा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रुपमा सञ्चालनमा आएमा भारतीय एवम् तेस्रो मुलुकहरुबाट पर्यटकहरुको आगमनमा वृद्धि हुने तथा पर्यटक उद्योगको पवर्द्धन भई थप रोजगारीको समेत सम्भावना रहेको ।
- रारा, शे–फोक्सुण्डो, खप्तडबाबा, बडिमालिका तथा मानसरोवर जस्ता प्रसिद्ध पर्यटकीय स्थल तथा तीर्थस्थलहरुको लागि ट्रेकिङ्ग तथा यातायात सेवा सम्बन्धी व्यवसायको ठूलो सम्भावना रहेको ।
- यस प्रदेशको रुपन्देही तथा बाँके जिल्लामा विशेष आर्थिक क्षेत्र तथा औद्योगिक क्षेत्रहरु रहनुका साथै प्रमुख भारतीय भन्सार नाका समेत रहेकाले यस क्षेत्रका उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थहरुको सहज आपूर्ति हुन सक्ने हुँदा औद्योगिकरणको राम्रो सम्भावना रहेको ।
- यस प्रदेशमा भारतीय पर्यटकको लागि सस्तो, सजिलो भ्रमण गर्ने स्थल भएकोले केवलकार, फनपार्क, र्‍याफ्टिङ्ग लगायतका अन्य मनोरञ्जनका माध्यमहरुको निर्माण तथा विकास गरी पर्यटक आकर्षण गर्न सक्ने सम्भावना रहेको ।
- यस प्रदेशमा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा भएको तीव्र विकास तथा विस्तारले रुपन्देही, नेपालगञ्ज तथा पाल्पा जिल्लाहरुलाई स्वास्थ्य र शिक्षाको हबको रुपमा विकास गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

### १. नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड)

लुम्बिनी प्रदेश अन्तर्गतका नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) र रुपन्देही गरी दुई जिल्लामा पर्ने यो सडक आयोजनामा दाउन्नेदेखि बुटवलसम्मको सडक खण्ड पर्दछ। ४८.५३५ कि.मि. कुल लम्बाई रहेको उक्त सडक खण्डमा ३० वटा साना-ठूला पुलहरु साथै कल्भर्टहरु रहेका छन्। यस आयोजनाको मुख्य कार्य उक्त सडक खण्डको बजार/बस्ती क्षेत्रमा ४ लेन सहित थप सर्भिस लेन, ग्रामीण क्षेत्रमा ४ लेन र दाउन्ने क्षेत्रमा ३ लेन उच्च गुणस्तरको कालोपत्रे सडक निर्माण तथा उक्त सडक खण्डमा पर्ने पुलहरु साथै कल्भर्टहरु निर्माण गर्नु हो।

**आयोजना अवधि**

शुरु भएको मितिः माघ, २०७५ (February, 2019)
सम्पन्न हुने मितिः श्रावण, २०८१ (July, 2024) (दोस्रो पटक म्याद थप सहित)

**आयोजनाको लागत**

शुरु लागतः रु.७,८६,३४,०१,२१६/५४ (भ्याट र पि.एस सहित)
संशोधित लागतः रु.७,८६,३२,५२,७६८/४४ (भ्याट र पि.एस सहित)

**आयोजनाको प्रगति विवरणः (२०८० असार मसान्तसम्म)**

- भौतिक प्रगतिः ३५.७३ प्रतिशत
- वित्तीय प्रगतिः २४.६२ प्रतिशत

**रोजगारीको अवस्था**

| स्वदेशी | | विदेशी | |
|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष |
| २६ | ३७४ | ० | २० |

**आयोजनाले आसपासको क्षेत्रमा पारेका प्रभावहरु**

- निर्माण कार्यले गर्दा यात्रामा कठिनाई हुनुका साथै अधिक समय लाग्ने अवस्था रहेको।
- निर्माण कार्यले गर्दा निस्केको धुँवा, धुलोका कारण वातावरण प्रतिकूल भई मानव स्वास्थ्यमा समेत नकारात्मक असर पर्ने गरेको।

**आयोजनाका समस्या तथा चुनौतीहरु**

- रुख कटान स्वीकृति प्राप्त गर्न लामो समय लाग्ने गरेकाले Site Clearance ढिला भई निर्माण कार्यमा अवरोध पर्ने गरेको।
- बिजुली पोल/खानेपानी आपूर्ति लाइनको स्थानान्तरण ढिलाई तथा बस्ती क्षेत्रमा पानीको निकास प्रणालीमा समस्या रहनु ।
- तुरिया र घोडाहा खोलामा रहेका साविक पुलहरु क्षतिग्रस्त भएकाले नयाँ बनेका पुलहरु मात्र सञ्चालनमा आइरहेकाले यी नदीहरुमा सवारी आवागमन ४ लेनमा नभई २ लेनमा सीमित हुनु।

## २. सिद्धबाबा सुरुङ मार्ग योजना

रुपन्देही र पाल्पा जिल्लामा अवस्थित सिद्धबाबा सुरुङ मार्ग योजनाको निर्माण कार्यका लागि Engineering Procurement and Construction (EPC) Modality मा निर्माण व्यवसायी श्री China State Construction Engineering Co. Ltd, No.15, Sanlihe Road, Haidan District, Beijing, China सँग भएको छ । यो योजनाको ठेक्का सम्झौता रकम भ्याट र पिएस सहित रु. ७ अर्ब ३४ करोड २१ लाख ४ हजार ७३४.१४ रहेको छ । यस योजना अन्तर्गत ११२६ मि. लामो सुरुङ मार्गको निर्माण तथा २४०० मि. सडक चौडा गरी सुधार गरिने ठेक्का सम्झौता रहेको छ ।

**ठेक्का सम्झौता मितिः** March 9, 2022 (२०७८/११/२५)

**ठेक्का सम्पन्न गर्नुपर्ने मितिः** यसलाई दुई Phase मा विभाजन गरिएको छः

**Phase I**: Engineering, Procurement and Construction Works: 1825 calender days from the date of commencement.

**Phase II**: Warrenty, Operation and Maintenance Works: 1825 calender days from the date of issuance of Taking Over Certificate.

**Latent Defects Liability Period:** 10 years from the date of issuance of Taking Over Certificate.

### आयोजनाको प्रगति विवरणः (२०८० असार मसान्तसम्म)

- भौतिक प्रगतिः ३.५० प्रतिशत
- वित्तीय प्रगतिः २.९४ प्रतिशत

### रोजगारीको अवस्था

| स्वदेशी | | विदेशी | |
|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष |
| ४ | ५६ | ० | १२ |

### आयोजनाका सम्भावनाहरु

- नेपालमा पहिलोपटक पूर्ण रुपमा नेपाल सरकारको लगानीमा निर्माण हुन लागेको यस सुरुङ मार्ग निर्माण भए लगत्तै बुटवल-पाल्पा सडक खण्डको यात्रा खतरा मुक्त हुने देखिन्छ ।
- सुरुङ मार्ग निर्माण पश्चात् रुपन्देही तथा पाल्पा जिल्ला पर्यटकीय हबको रुपमा विकास हुन सक्ने हुँदा पर्यटन क्षेत्रको प्रवर्द्धन भई थप रोजगारी सिर्जना समेत हुने देखिन्छ ।

### आयोजनाका समस्या तथा चुनौतीहरु

- भौगोलिक हिसावले अति जटिल क्षेत्र हुनुका साथै मौसमी कारणले बाह्रै महिना निर्माण कार्य गर्न समस्या हुनु ।

## ३. कोहलपुर बसपार्क

लुम्बिनी प्रदेशको पश्चिम क्षेत्रमा रहेको बाँके जिल्लाको उत्तरी भागमा अवस्थित कोहलपुर नगरपालिकाको वडा नं. ११ मा निर्माण गरिएको नयाँ बसपार्कको लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्ली बहादुर चौधरीद्वारा औपचारिकरुपमा मिति २०८०/०३/२४ मा उद्घाटन भएको हो । कोहलपुर नगरपालिकाले २९ करोड २२ लाख ९९ हजार ८ सय ३० रुपैयाँ ४३ पैसा लागतमा बसपार्कलाई निर्माण गरेको हो । बसपार्क निर्माणका लागि नगर विकास कोषको ६० प्रतिशत ऋण लगानी तथा ४० प्रतिशत कोहलपुर नगरपालिकाको लगानीमा भएको छ । उक्त बसपार्क सञ्चालनको जिम्मेवारी बागेश्वरी यातायात प्रा.लि.ले ७१ लाख ७७ हजार ७ सय ७७ रुपैयाँ वार्षिक

कोहलपुर नगरपालिकालाई तिर्ने गरी पाएको छ । उक्त बसपार्कबाट लामो दुरीका बस २० वटा, मध्यम दुरीका बस २२ वटा, साना सवारी साधन ७९ वटा दैनिक छुट्ने गर्दछन् । बसपार्कभित्र ५९ वटा सटरसहितको व्यापारिक भवन, ३ वटा अपाङ्गमैत्री सहित २७ वटा शौचालय, २४ वटा टिकट काउण्टर र २ वटा विद्युत चार्जिङ्ग सेन्टर लगायतका सुविधा उपलब्ध रहेका छन् । ३९,६०३.४५ वर्गमिटर क्षेत्रफमा निर्माण भएको बसपार्कभित्र पार्क तथा विश्रामस्थल, स्तनपान कक्ष, धुम्रपान कक्ष, नागरिक सहायता कक्ष तथा सुरक्षा कक्ष लगायत सूचना प्रविधि सुविधा उपलब्ध रहेका छन् ।

### बसपार्कको क्षमता

५९९० वर्गमिटर (लामो दुरीका बस २२, मध्यम दुरीका २०, छोटो दुरीका ६ वटा  कम्पार्टमेण्ट (३/४ बस प्रति कम्पार्टमेण्ट), माइक्रो भ्यान र रिक्सा २८, निजी कार ३० लगायत मोटरसाईकल पार्किङ्ग क्षमता रहेको ।)

### आयोजनाले प्रभाव पार्ने क्षेत्र

बाँके, बर्दिया, सुर्खेत, सल्यान र कैलाली तथा समग्रमा लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेश ।

### आयोजना अवधि

शुरु मितिः २०७७/१२/०१
सम्पन्न मितिः २०७९/११/२५

### आयोजनाको प्रगति विवरणः (२०८० असार मसान्तसम्म)

- भौतिक प्रगतिः १०० प्रतिशत
- वित्तीय प्रगतिः १०० प्रतिशत

### रोजगारीको अवस्था

#### १. बसपार्कले दिने रोजगारी

प्रत्यक्ष

- २२ व्यवसायी समितिको तर्फबाट : ९० जना कर्मचारीहरु
- सुरक्षा गार्ड तथा सर–सफाईकर्मीहरु : १० जना

अप्रत्यक्ष

- करिव ८०० वटा गाडीका करिब २४०० जना मजदुरहरु ( चालक/सहचालक )

#### २. निजी क्षेत्रबाट प्राप्त हुने रोजगारी

- ५९ वटा सटर तथा व्यवसायमा : ५९ जना
- ग्यारेज तथा औषधी पसल : ९ जना

### आयोजनाका सम्भावनाहरु

- पश्चिम नेपालको सार्वजनिक यातायात व्यवस्थित हुने ।
- सुदुरपश्चिम प्रदेशबाट देशको पूर्वी क्षेत्रका लागि छुट्ने सवारी साधनलाई मर्मत तथा यात्रुलाई विश्रामको व्यवस्था हुने ।
- लामो दुरीका सवारीसाधन सञ्चालन तथा व्यवस्थापन हुने ।
- पहाडी जिल्लाहरुमा उत्पादित फलफूल, तरकारी तथा जडीबुटीको सहज बजारीकरणमा सहयोग हुने ।
- नेपालगञ्जमा बढ्दो यात्रुचाप तथा बजार व्यवस्थापनको समस्या समाधान हुने ।

### आयोजनाका समस्या तथा चुनौतीहरु

- सरसफाई, मर्मत सम्भार तथा सञ्चालन खर्च व्यवस्थापन गर्न ।
- ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण रहेको तथा यातायातको साधनहरुको पूर्णरुपमा व्यवस्थापन गर्न ।
- यातायात सेवा संगै आसपासमा होटल व्यवस्थापन गर्न ।
- बढ्दो मानिसको चापसंगै हुन सक्ने अपराधिक क्रियाकलाप संगै सुरक्षामा चुनौती थपिएको ।

### आयोजनाले आसपासका क्षेत्रमा पारेका प्रभावहरु

- बसपार्क निर्माण पश्चात् होटल व्यवसाय थपिने क्रम बढेको ।
- यातायात सेवा व्यवस्थापन भएको र लामो दुरीका सवारीसाधन पार्किङ व्यवस्थापन भएको ।
- स्थानीय स्तरमा रहेका साना व्यवसायीहरुको व्यापार वृद्धि भएको ।
- बसपार्क आसपासमा रहेका नागरिकहरुलाई अप्रत्यक्ष रुपमा रोजगारी अवसर प्राप्त भएको ।

### ४.पशु बधशाला, बुटवल

लुम्बिनी प्रदेशको मुख्य शहर बुटवल र अन्य क्षेत्रमा स्वच्छ र स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यका साथ लुम्बिनी प्रदेश सरकारको ७० प्रतिशत र बाँकी बुटवल उप-महानगरपालिको लगानीमा व्यवस्थित आधुनिक पशु बधशालाको निर्माण गरिएको हो । Design, Supply & Installation of Modern & well managed slaughter House Based on Continuous system नामक उक्त परियोजना बुटवल उप-महानगरपालिका वडा नं १०, रामनगरमा अवस्थित छ ।

**आयोजना अवधिः**

सम्झौता भएको मिति : असार १, २०७७
सम्पन्न गर्नुपर्ने मिति : मङ्सिर २९, २०७८
सम्पन्न मिति : पौष २९, २०७९

आयोजनाको लागतः

कुल लागत : रु.२३,९६,८३,९४८/९८ (भ्याट, पि.एस र मूल्य समायोजन सहित)

**आयोजनाको क्षमता :** १२५ खसी/बोका प्रति घण्टा काट्ने ।

**आयोजनाको प्रगति विवरणः (२०८० असार मसान्तसम्म)**

- भौतिक प्रगति : १०० प्रतिशत
- वित्तीय प्रगति : १०० प्रतिशत

### रोजगारीको अवस्था

प्रत्यक्ष रुपमा

| स्वदेशी | | विदेशी | |
|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष |
| १५ | ३५ | २ | ५ |

अप्रत्यक्ष रुपमा

- बाखापालक किसानहरुः करिब ७५,००० जना
- मासु व्यवसायीहरुः करिब १००० जना

### आयोजनाका सम्भावना

- पशुपालक किसानलाई बजार सहजरुपमा उपलब्ध हुने ।
- उपभोक्ताले स्वच्छ मासु उपभोग गर्न पाउने ।
- शहरमा जथाभावी काटमारबाट हुने फोहोर/प्रदुषण  नियन्त्रण हुने ।
- मासु जाँच ऐन २०५५को व्यावहारिक कार्यान्वयनमा सहयोग हुने ।
- उपभोक्ता तथा होटलहरुमा सहज रुपमा स्वस्थकर मासु उपलब्ध हुने ।

### आयोजनाका समस्या तथा चुनौतीहरु

- खुल्ला रुपमा मासु काट्ने/बिक्री वितरण गर्ने कार्यलाई निरुत्साहित गर्दै पशु बधशालाको प्रभावकारी रुपमा सञ्चालन गर्नु ।
- उपभोक्तालाई Freezing मासुको उपभोग गर्ने बानी बसाल्नु चुनौतीपूर्ण रहेको ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- विभिन्न निकायहरुबीच समयमै उचित समन्वयको अभावले आयोजनाहरु निर्धारित समय र लागतमा सम्पन्न गर्न ।
- सीमित बजेटका कारण सडक लगायतका पूर्वाधारहरुको गुणस्तरीय निर्माण कार्य गर्न ।
- सार्वजनिक-निजी-साझेदारी मार्फत पूर्वाधार क्षेत्रमा लगानी आकर्षित गर्न ।
- यस प्रदेश अन्तर्गतका निजी सवारी साधनहरुको वैज्ञानिक व्यवस्थापन गर्दै सर्वसुलभ एवम् सुरक्षित सार्वजनिक यातायात सेवा प्रदान गर्न ।
- स्थानीय तहबाट निर्माण हुने भौतिक पूर्वाधारको गुणस्तर कायम तथा दिगोपना अभिवृद्धि गर्न ।
- यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना लगायत अन्य आयोजनाहरु नियमित मर्मत सम्भार गरी गुणस्तरीयता कायम गर्न ।

### सम्भावना

- जनसाङ्ख्यिक लाभको उपयोग गर्दै बेरोजगार युवाहरुलाई पूर्वाधार विकासको काममा लगाउने सम्भावना रहेको ।
- यस प्रदेशमा प्रशस्त मात्रामा रहेका नदीनालाहरुबाट सडक विकासको लागि चाहिने निर्माण सामाग्रीहरुको सहज उपलब्धता कारण यस क्षेत्रमा गुणस्तरीय सडक सञ्जालको विकास तथा विस्तार भई अन्य पूर्वाधारहरुको समेत विकासको सम्भावना रहेको ।
- लुम्बिनीमा पर्यटन प्रवर्द्धन गर्न लुम्बिनी सर्किटमा रेलसेवा विकासका लागि विदेशीहरुले समेत चासो देखाएकाले प्रदेश सरकारले नेपाल सरकार तथा लगानी बोर्डसित समन्वय गरेर रेलसेवा विकास गर्ने सम्भावना रहेको ।
- यस प्रदेशभित्र केबलकार लगायतका क्षेत्रमा निजी क्षेत्र आकर्षित हुनुले यस क्षेत्रको विकासमा प्रचूर सम्भावना रहेको ।

- यस प्रदेशभित्र राष्ट्रिय गौरवका तीन वटा सिँचाइ आयोजनाहरु कार्यान्वयनमा रहेकाले नयाँ प्रविधि एवम् जल व्यवस्थापन मार्फत सिँचाइ विस्तार गरी कृषि योग्य भूमिको विकास गर्न सकिने सम्भावना रहेको ।

## ६.३ रोजगारी

### प्रधानमन्त्री रोजगार कार्यक्रम

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा १ लाख ३ हजार ९ सय ३८ जना सूचीकृत बेरोजगार रहेका छन् । जसमध्ये पुरुष ३९ हजार ५ सय ४४ र महिला ६४ हजार ३ सय ८८ जना रहेका छन् । कुल सूचीकृत बेरोजगार मध्येबाट १२ हजार ४ सय ६४ जनालाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम एक सय दिनको रोजगारी प्रदान गरिएको छ । यस कार्यक्रम अन्तर्गत २ हजार १ सय २१ आयोजनाहरु सञ्चालनमा रहेका छन् । आर्थिक वर्ष २०७९/८० प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेशमा रोजगारी सिर्जना विवरण तल उल्लेख गरिएको छ ।

**तालिका ६.१ :लुम्बिनी प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना विवरण (आ.व. २०७९/८०)**

| सूचीकृत बेरोजगार | | | | रोजगारीमा खटिएका सङ्ख्या | जम्मा रोजगारी दिन | आयोजना सङ्ख्या |
|---|---|---|---|---|---|---|
| पुरुष | महिला | अन्य | जम्मा | | | |
| ३९,५४४ | ६४,३८८ | ६ | १,०३,९३८ | १२,४६४ | ९,८३,२०० | २,१२१ |

*स्रोत : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम*

उल्लेखित आयोजनाहरुमा आर्थिक वर्ष २०७९/८० मा कुल ९ लाख ८३ हजार २०० रोजगारी दिन सिर्जना भएको छ। जिल्लागतरुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा सूचीकृत बेरोजगार युवाहरुको सङ्ख्या सबैभन्दा बढी गुल्मीमा १ हजार ५ सय ८७ जना रहेको छ भने सबैभन्दा कम रुकुम-पूर्वमा ३ सय ६१ जना रहेको छ ***(तालिका ६.२)*** ।

**तालिका ६.२ :लुम्बिनी प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको जिल्लागत विवरण (आ.व. २०७९/८०)**

| जिल्ला | आयोजना संख्या | सूचीकृत बेरोजगार सङ्ख्या | कुल रोजगारी सङ्ख्या | कुल रोजगारी दिन |
|---|---|---|---|---|
| रुकुम-पूर्व | ५९ | ३,५०८ | ३६१ | ३२,४३४ |
| रोल्पा | २६१ | ११,३०४ | १,१५० | १,१०,२६६ |
| प्यूठान | २२९ | १२,५०९ | १,१९४ | १,११,९२७ |
| गुल्मी | ४४७ | १२,६०३ | १,५८७ | १,१७,४११ |
| अर्घाखाँची | १९६ | १०,५७१ | ८८१ | ८७,०३० |
| पाल्पा | १३३ | ५,६१० | ७४३ | ७२,०६६ |
| नवलपरासी (ब.सु.प.) | ६७ | ३,२९६ | ५०२ | ३९,९२९ |
| रुपन्देही | १८१ | ५,६०९ | १,०५३ | ८६,९२६ |

| | | | | |
|---|---|---|---|---|
| कपिलवस्तु | १३४ | ७,३८६ | १,४१० | ६२,०४० |
| दाङ | १३५ | ७,३५८ | १,२१९ | ८१,१८५ |
| बाँके | ९६ | ८,०४७ | ८३३ | ५८,४६५ |
| बर्दिया | १८३ | १६,१३७ | १,५३१ | १,२३,५२१ |
| **जम्मा** | **२,१२१** | **१,०३,९३८** | **१२,४६४** | **९,८३,२००** |

*स्रोत : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम*

## ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- उत्पादनशील क्षेत्र लगायत अन्य क्षेत्रमा रोजगारीका अवसरहरु पहिचान गरी संविधानले सु–निश्चित गरेको श्रम तथा रोजगारीको हकको कार्यान्वयन गर्ने ।
- श्रम बजारको माग अनुरुप सीपयुक्त जनशक्तिको विकास एवं व्यवस्थापन गर्ने ।
- शिक्षालाई व्यावहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्ने ।
- स्थानीय सरकारका रोजगारमूलक कार्यक्रमहरुमा स्थानीय युवा जनशक्तिलाई रोजगारी प्रदान गर्दै श्रमलाई सम्मान गर्ने सामाजिक सस्कृँतिको विकास गरी स्वदेशमै बस्ने वातावरण बनाउने ।
- वैदेशिक रोजगारीबाट सिर्जित संरचनागत जोखिमहरु कम गर्दै प्राप्त पुँजी, प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ।

### सम्भावना

- सिद्धबाबा सुरुङ मार्ग आयोजना लगायतका अन्य पूर्वाधारहरु र विभिन्न क्षेत्रमा भएका गतिविधिहरुले आर्थिक क्रियाकलापमा टेवा पुग्न गई थप रोजगारी सिर्जना हुने सम्भावना रहेको ।
- संघीय सरकार मार्फत सुरु गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रमले रोजगारी सङ्ख्यामा विस्तार हुने सम्भावना रहेको ।
- यस प्रदेशमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा रहेको र आसपासका क्षेत्रमा निर्माण भएका होटल तथा अन्य व्यवसायहरु समेत बढ्ने क्रम रहेकाले धार्मिक तथा अन्य पर्यटकहरुको आगमनमा वृद्धि हुने भएकोले पर्यटन क्षेत्रसँग सम्बन्धित थप रोजगारी बढ्ने सम्भावना रहेको ।
- यस प्रदेशमा कृषि तथा पशुपालनका लागि अनुकुल हावापानी रहेका कारण राज्यस्तरबाट पकेट क्षेत्रको विकास गरी कृषि तथा पशुपालन व्यवसाय विस्तार गर्न सकेमा कृषि क्षेत्रमा रोजगारी बढ्ने सम्भावना रहेको ।
- तीनै तहका सरकारहरुले उत्पादनलाई प्राथमिकतामा राखेर ल्याईएका विभिन्न योजना तथा कार्यक्रमहरुले वैदेशिक रोजगारीबाट फर्केका तथा स्वदेशमा रहेका युवा वर्ग समेत उद्यमशील बन्दै जाने तथा सहज बैंकिङ्ग पहुँच समेत भएकाले निजी क्षेत्रमा समेत रोजगारीको प्रचूर सम्भावना रहेको ।

## परिच्छेद ७

## संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

यस परिच्छेदमा लुम्बिनी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको छोटो विश्लेषण गरिएको छ । जस अन्तर्गत प्रदेश सरकारको बजेटको आकार, खर्चको वर्गीकरण, वित्तीय हस्तान्तरण र स्रोत परिचालनको स्थिति विश्लेषण गरिएको छ ।

### ७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन


#### ७.१.१ लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०७९/८० का लागि लुम्बिनी प्रदेश सरकारले कुल बजेट रु.४२ अर्ब ६३ करोड विनियोजन गरेकोमा २०८० असार मसान्तसम्म विनियोजित बजेटको ७१.१३ अर्थात रु. ३० अर्ब ३२ करोड खर्च गरेको छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा विनियोजन भए मध्ये कुल बजेटको ७०.७७ प्रतिशत खर्च भएको थियो *(तालिका ७.१)* ।

**तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति** *(रु.करोडमा)*


| शीर्षक | आ.व. २०७८/७९ | | आ.व. २०७९/८० | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | गत वर्षको | समीक्षा वर्षको |
| **कुल खर्च** | **४,२९४.१२** | **३,०३९.०५** | **४,२६३.६१** | **३,०३२.७२** | **७०.७७** | **७१.१३** |
| चालु खर्च | १,८१२.२ | १,२९८.१९ | १,८१५.८६ | १,२५८.९२ | ७१.६४ | ६९.३३ |
| पुँजीगत खर्च | २,४८१.९२ | १,७४०.८६ | २,४४७.७५ | १,७७३.८ | ७०.१४ | ७२.४७ |
| वित्तीय व्यवस्था | ० | ० | ० | ० | | |
| **कुल राजश्व** | **१,९२६.७७** | **१,४६६.७८** | **१,९४८.९३** | **१,३३१.०३** | **७६.१३** | **६८.३०** |
| कर राजश्व | १,३१७.२१ | १,२१५.४६ | १,५३५.३५ | १,१०१.९१ | ९२.२७ | ७१.७७ |
| गैरकर | ४४८.११ | १२७.९३ | ३४३.५८ | १४५.४७ | २८.६१ | ४२.३४ |
| अन्य.. | १६१.४५ | १२३.३९ | ७०.०० | ८३.६५ | ७६.४३ | ११९.५० |
| **अनुदान प्राप्ति** | **१,५६१.२५** | **१,५७४.५५** | **१,८४७.६४** | **१,५०१.७२** | **१००.८५** | **८१.२८** |
| समानीकरण | ८०२.५७ | ८०२.५७ | ८५४.१७ | ७४७.४० | १००.०० | ८७.१९ |
| सशर्त | ६२३.०३ | ६९७.८७ | ८७१.२२ | ६३२.०७ | ११२.०१ | ७२.५५ |
| विशेष | ६३.४९ | ३३.४६ | ४८.३५ | ४८.३५ | ५२.७० | १०० |
| समपुरक | ७२.१६ | ४०.६५ | ७३.९० | ७३.९० | ५६.३३ | १०० |

*स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश*




*स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय,लुम्बिनी प्रदेश*

आर्थिक वर्ष २०७९/८० मा चालु खर्च तर्फ विनियोजित रु.१८ अर्ब १५ करोडमध्ये ६९.३३ प्रतिशत अर्थात रु. १२ अर्ब ५८ करोड खर्च भएको छ भने गत आर्थिक वर्षमा विनियोजित रकमको ७१.६४ प्रतिशत खर्च भएको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु.२४ अर्ब ४७ करोडमध्ये २०८० असार मसान्तसम्ममा ७२.४७ प्रतिशत अर्थात रु. १७ अर्ब ७३ करोड खर्च भएको छ भने गत आर्थिक वर्षमा विनियोजित रकमको ७०.१४ प्रतिशत खर्च भएको थियो ***(चार्ट ७.१) ।***




*स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय,लुम्बिनी प्रदेश*

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० मा आन्तरिक स्रोत र राजश्व बाँडफाँडबाट गरी कुल रु.१९ अर्ब ४८ करोड राजश्व परिचालन हुने अनुमान गरेकोमा लक्ष्यको ६८.३० प्रतिशत अर्थात रु.१३ अर्ब ३१ करोड राजश्व परिचालन भएको छ जसमा कर राजश्व, गैरकर राजश्व तथा अन्य राजश्व क्रमशः ८३ प्रतिशत, ११ प्रतिशत र ६ प्रतिशत रहेको छ ***(चार्ट ७.२) ।***

यसैगरी, समीक्षा वर्षमा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु. १८ अर्ब ४७ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८० असार मसान्तसम्म कुल रु.१५ अर्ब १ करोड अनुदान प्राप्त गरेको छ । यसमध्ये, समानीकरण अनुदान रु.७ अर्ब ४७ करोड र सशर्त अनुदान रु.६ अर्ब ३२ करोड रहेको छ । यसैगरी प्रदेशले संघबाट समपुरक र विशेष अनुदानको रुपमा क्रमशः रु.७३ करोड ९० लाख र रु.४८ करोड ३५ लाख प्राप्त गरेको छ ***(तालिका ७.१) ।***

### ७.१.२ लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित बजेट

लुम्बिनी प्रदेश सरकारले सरकारी, निजी, सहकारी र विकास साझेदारको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाई आर्थिक तथा सामाजिक पूर्वाधार विस्तार गरी उच्च आर्थिक वृद्धिको आधार साकार गर्नेतर्फ जोड दिएको छ । साथै, यस प्रदेश सरकारले **"समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश"** को सपना साकार पार्न आर्थिक वर्ष २०८०/८१ को बजेटमा मुख्यतया कृषिको व्यावसायिकरण, शिक्षा/स्वास्थ्य, पूर्वाधार विकास जस्तामा लगानी बढाई दिगो, समावेशी र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने लगायतका उद्देश्य लिएको छ ।

बजेटका उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि रु. ४० अर्ब ४७ करोड ९७ लाखको अनुमानित बजेट पेश गरेको छ । सो रकम अघिल्लो वर्षको विनियोजित रकम भन्दा ५.०७ प्रतिशतले न्यून रहेको छ । यसमध्ये चालु खर्चतर्फ रु. १३ अर्ब ६३ करोड, पुँजीगततर्फ रु.२३ अर्ब २५ करोड र वित्तीय हस्तान्तरणका लागि रु. ३ अर्ब ५८ करोड रहने अनुमान गरेको छ ।

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक राजश्वबाट रु. ६ अर्ब ७३ करोड, संघबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु.११ अर्ब ३१ करोड गरी कुल राजश्व रु.१९ अर्ब ४८ करोड प्राप्त हुने अनुमान गरेको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ७.३९ प्रतिशतले न्यून रहेको छ । त्यसैगरी, संघबाट प्राप्त हुने रोयल्टी रु.२९ करोड, स्थानीय तहबाट बाँडफाँड भई प्राप्त हुने राजश्व रु.२ अर्ब ५० करोड ३० लाख प्राप्त हुने अनुमान गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेश सरकारले संघीय सकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१५ अर्ब ३७ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेको छ जुन गत आर्थिक वर्षको तुलनामा १६.७८ प्रतिशतले न्यून रहेको छ । यसैगरी प्रदेश सरकारले स्थानीय तहहरुलाई रु.३ अर्ब ५८ करोड वित्तीय हस्तान्तरण गर्ने अनुमान गरेको छ ।

### ७.१.३ स्थानीय तहको कार्यक्रम तथा परियोजना कार्यान्वयन

#### बजेट कार्यान्वयनको स्थिति

#### खर्चको स्थिति

लुम्बिनी प्रदेशका १०९ वटा स्थानीय तहहरुमध्ये जनसङ्ख्या तथा विनियोजित बजेटका आधारमा ५ ठूला स्थानीय तहहरुको छनौट गरिएको छ । जसमा ४ उप-महानगरपालिका र १ नगरपालिका रहेका छन । समीक्षा वर्षमा एकीकृत कुल खर्च गत अवधिको तुलनामा ५.७२ प्रतिशत न्यून भई रु.७ अर्ब ५१ करोड भएको छ । समीक्षा वर्षमा कुल खर्च अन्तर्गत चालु खर्च ९.५५ प्रतिशतले वृद्धि र पुँजीगत खर्च २४.४१ प्रतिशतले न्यून भएको छ भने वित्तीय व्यवस्था ४.३३ प्रतिशतले वृद्धि भएको छ ***( तालिका ७.२ ) ।***

**तालिका ७.२ : छनौटमा परेका स्थानीय तहहरुको खर्च स्थिति**

| स्थानीय तहको नाम | आ.व. २०७८/७९ | | | आ.व. २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | अनुमानित (रु.दश लाख) | वास्तविक (रु.दश लाख) | वास्तविक खर्च (प्रतिशत) | अनुमानित (रु.दश लाख) | वास्तविक (रु.दश लाख) | वास्तविक खर्च (प्रतिशत) |
| **तुलसीपुर उप-महानगरपालिका** | २,८२९.१३ | १६८१.४३ | ५९.४३ | १,९३९.७० | १,४५६.२० | ७५.०७ |
| **नेपालगञ्ज उप-महानगरपालिका** | १,८३२.२५ | १,४०३.१३ | ७६.५७ | २,०४९.८२ | १,५२७.०३ | ७४.४९ |
| **घोराही उप-महानगरपालिका** | २,३३३.४२ | १,८४३.२० | ७८.९९ | २,४६४.५४ | १,८२२.८५ | ७३.९६ |
| **सिद्धार्थनगर** | १,२४९.९८ | ८७४.७२ | ६९.९२. | १,३७८.४० | ९,८८.७२ | ७१.७२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नगपालिका | | | | | | |
| बुटवल उप-महानगरपालिका | २,७४२.८८ | २,१६९.०४ | ७९.०७ | २,४७४.५८ | १,७२०.५२ | ६९.५२ |
| **कुल खर्च रकम** | **१०,९८७.६६** | **७,९७१.५२** | **६९.८६** | **१०,३०७.०१** | **७,५१५.३** | **७२.९१** |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

कुल खर्चको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा वर्षमा कुल अनुमानित खर्चमा तुलसीपुर उप-महानगरपालिका, नेपालगञ्ज उप-महानगरपालिका, घोराही उप-महानगरपालिका, सिद्धार्थनगर नगरपालिका र बुटवल उप-महानगरपालिकाको वास्तविक खर्च क्रमशः ७५.०७ प्रतिशत, ७४.४९ प्रतिशत, ७३.९६ प्रतिशत, ७१.७२ प्रतिशत र ६९.५२ प्रतिशत रहेको छ ।

## राजश्वको स्थिति

छनौटमा परेका स्थानीय तहहरुको समीक्षा वर्षमा कुल राजश्व संकलन गत वर्षको तुलनामा ७.७८ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ८७ करोड पुगेको छ । समीक्षा वर्षमा गत वर्षको तुलनामा कुल राजश्व संकलनमा कर राजश्व २४.९० प्रतिशतले वृद्धि र गैरकर राजश्व १७.४३ प्रतिशतले न्यून भएको छ ***(तालिका ७.३ )।***

**तालिका ७.३ : छनौटमा परेका स्थानीय तहहरुको राजश्व संकलनको स्थिति**

| स्थानीय तहको नाम | आ.व. २०७८/७९ | | | आ.व. २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | अनुमानित (रु.दश लाख) | वास्तविक (रु.दश लाख) | राजश्व संकलन (प्रतिशत) | अनुमानित (रु.दश लाख) | वास्तविक (रु.दश लाख) | राजश्व संकलन (प्रतिशत) |
| तुलसीपुर उप-महानगरपालिका | ६०० | ३३०.०८ | ५५.०१ | ४२० | २८५.१० | ६७.८८ |
| नेपालगञ्ज उप-महानगरपालिका | १४७.९० | १९४.८२ | १३१.७२ | ५२८.८५ | ४९६.३२ | ९३.८४ |
| घोराही उप-महानगरपालिका | १२९.१० | १६७.४८ | १२९.८२ | १५३.४० | १६०.७२ | १०४.७७ |
| सिद्धार्थनगर नगपालिका | १९०.०४ | १६८.१८ | ८८.४९ | २२६.५० | १६१.४६ | ७१.२८ |
| बुटवल उप-महानगरपालिका | १,०५९.१३ | ३०४९.८८ | ८३.१६ | ९१९.७० | ७७३.३१ | ८४.०८ |
| **जम्मा** | **२,१२६.१७** | **१,७४१.४०** | **८१.४६** | **२,२४८.४५** | **१,८७६.८८** | **८३.४७** |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

कुल राजश्व संकलनको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा वर्षमा सबैभन्दा बढी घोराही उप-महानगरपालिकाले अनुमानित राजस्व संकलनको १०४.७७ प्रतिशत राजस्व संकलन गरेको छ भने सबैभन्दा कम तुलसीपुर उप-महानगरपालिकाले ६७.८८ प्रतिशत संकलन गरेको छ । त्यसैगरी, नेपालगञ्ज उप-महानगरपालिका, बुटवल उप-महानगरपालिका र सिद्धार्थनगर नगरपालिकाले क्रमशः ९३.८४ प्रतिशत, ८४.०८ प्रतिशत र ७१.२८ प्रतिशत, राजश्व संकलन गरेका छन् ।

### अनुदान तथा हस्तान्तरणको स्थिति

समीक्षा वर्षमा स्थानीय तहहरुको कुल अनुदान तथा हस्तान्तरणको प्राप्ति रकम गत वर्षको तुलनामा ५.५५ प्रतिशतले न्यून भई रु. ४ अर्ब २६ करोड भएको छ । समीक्षा वर्षमा कुल अनुदान तथा हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान ३.८७ प्रतिशत, समपूरक अनुदान ३७.९५ प्रतिशत, विशेष अनुदान १४.०८ प्रतिशत र सःशर्त अनुदान ३.२१ प्रतिशतले न्यून प्राप्ति भएको छ ***(तालिका ७.४)।***

**तालिका ७.४ : छनौटमा परेका स्थानीय तहहरुको अनुदान तथा हस्तान्तरणको स्थिति**

| स्थानीय तहको नाम | आ.व. २०७८/७९ | | | आ.व. २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | अनुमानित (रु.दश लाख) | वास्तविक (रु.दश लाख) | वास्तविक अनुदान तथा हस्तान्तरण (प्रतिशत) | अनुमानित (रु.दश लाख) | वास्तविक (रु.दश लाख) | वास्तविक अनुदान तथा हस्तान्तरण (प्रतिशत) |
| तुलसीपुर उप-महानगरपालिका | १,१८९.६६ | १,१८९.६६ | १०० | १,०२५.५५ | १,०२५.५५ | १०० |
| नेपालगञ्ज उप-महानगरपालिका | १,११४.२७ | १,०७७.२ | ९६.६७ | १,०९१.२७ | १,०२२.८८ | ९३.७३ |
| घोराही उप-महानगरपालिका | १,२७१.७९ | १,११२.२१ | ८७.४५ | १,३०५.८७ | १,१३८.३८ | ८७.१७ |
| सिद्धार्थनगर नगपालिका | ६२६.५२ | ६२६ | ९९.९२ | ६४७.७६ | ६१०.६६ | ९४.२७ |
| बुटवल उप-महानगरपालिका | ५९२.६० | ५१२.२४ | ८६.४३ | ५७१.०९ | ४६९.२३ | ८२.१६ |
| **जम्मा** | **४,७९४.८२** | **४,५१७.२९** | **९४.२१** | **४,६४१.५२** | **४,२६६.६** | **९१.९२** |

*स्रोतः छनौटमा परेका स्थानीय तहहरु*

कुल अनुदान तथा हस्तान्तरणको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा वर्षमा अनुमानित अनुदान तथा हस्तान्तरणमा तुलसीपुर उप-महानगरपालिका, सिद्धार्थनगर नगपालिका, नेपालगञ्ज उप-महानगरपालिका, घोराही उप-महानगरपालिका र बुटवल उप-महानगरपालिकाले वास्तविक अनुदान तथा हस्तान्तरण क्रमशः १००.०० प्रतिशत, ९४.२७ प्रतिशत, ९३.७३ प्रतिशत, ८७.१७ प्रतिशत र ८२.१६ प्रतिशत प्राप्ति गरेका छन् ।

## ७.२ लुम्बिनी प्रदेश सरकारका अन्य कार्यक्रम तथा परियोजनाको कार्यान्वयन स्थिति

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० का लागि लिएका नीति, कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयन अवस्था देहाय बमोजिम रहेको छ ।

| कार्यक्रमहरु | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|
| स्थायी राजधानी | प्रदेश सभाको निर्णय बमोजिम स्थायी राजधानी (राप्ती उपत्यका, देउखुरी ) मा स्थानान्तरण गरिएका |
| पाल्पाको रामपुर देखि रोल्पाको जिनाबाङ सडक निर्माण कार्य | वित्तीय प्रगति ९०.०३ प्रतिशत र भौतिक प्रगति ९३.४० प्रतिशत सम्पन्न |

| | |
|---|---|
| बाँकेमा लुम्बिनी प्राविधिक विश्वविद्यालय निर्माण गर्ने कार्य | जग्गा प्राप्तिको प्रयास |
| सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) | कार्यान्वयनमा आएको |
| प्रदेश पूर्ण खोप सुनिश्चितता कार्यक्रम | २०७९/०५/३० मा प्रदेश पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको |
| साक्षरता दर (१५-४९ वर्ष) | प्रदेशका सबै जिल्लाहरु नै साक्षर घोषणा भएका तर प्रदेश घोषणा हुन बाँकी |
| प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालन | संचालनमा आएको |
| तुल्सीपुर बहु–प्राविधिक शिक्षालय (मेट्रो कलेज) स्थापना तथा सञ्चालन । | सञ्चालन (७८३ विद्यार्थी अध्ययनरत) |
| पर्यटन स्थल पहुँच मार्ग निर्माण | वित्तीय प्रगति ८४.३६ प्रतिशत र भौतिक प्रगति ८८.५० प्रतिशत |
| सीमा क्षेत्र सडक कार्यक्रम | वित्तीय प्रगति ८९.४० प्रतिशत र भौतिक प्रगति ९२.२० प्रतिशत |
| कृषि सडक | वित्तीय प्रगति ८५.६७ प्रतिशत र भौतिक प्रगति ८८.४० |
| सघन खानेपानी विकास आयोजना | वित्तीय प्रगति ९७.०२ प्रतिशत र भौतिक प्रगति ९७.३७ प्रतिशत |
| जलस्रोत तथा सिँचाई तर्फका कार्यक्रम | वित्तीय प्रगति ९७.०२ प्रतिशत र भौतिक प्रगति ९७.३७ प्रतिशत |
| वन वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम । | वित्तीय प्रगति ८४.८० प्रतिशत प्रगति |
| कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम । | वित्तीय प्रगति ८७.१० प्रतिशत |
| स्मार्ट कृषि गाउँ कार्यक्रम । | वित्तीय प्रगति ६५.५४ प्रतिशत |
| आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका साथै गुणात्मक सुधार गर्ने । | सबै जिल्लामा ५० शैयाको अस्पतालहरु स्थापना |
| प्रहरी भवन निर्माण कार्यक्रम । | वित्तीय प्रगति ३६.०४ प्रतिशत र भौतिक प्रगति २९.४२ प्रतिशत |
| प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८० । | पहिलो पटक लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण २०७९/८० प्रकाशन |

*स्रोत : अर्थ मन्त्रालय, लुम्बिनी प्रदेश*

# परिच्छेद ८

# आर्थिक परिदृष्य

## ८.१ कृषि उत्पादन

- धान रोप्ने समयमा बर्षा नपरेता पनि साउन/भदौ महिनामा बर्षा पर्नु, रासायनिक मल तथा कीटनाशक औषधीको सहजै उपलब्ध हुनाले आर्थिक वर्ष २०८०/८१ मा धान उत्पादन सामान्य वृद्धि हुन सक्ने अनुमान गरिएको छ ।
- यस प्रदेशमा रहेका विभिन्न जिल्लाहरुमा मकै जोन/मिसन कार्यक्रम सञ्चालन, उन्नत बीउको प्रयोग तथा बसन्ते मकै क्षेत्र विस्तारका कारण आगामी वर्षमा मकै उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।
- सिन्दुरे रोग लगायतका विभिन्न अन्य प्रकोप नियन्त्रण तथा समयमै रासायनिक मलको उपलब्ध भएमा आगामी वर्षमा गहुँ उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।
- कोदो, जौ र फाँपर लगायतका उत्पादनहरुले ढाकेको क्षेत्रफल र उत्पादन दुबै घटेको तथा कृषकहरु विस्तारै अन्य बाली तर्फ आकर्षित भएका कारण आगामी वर्षमा यस्ता उत्पादनहरु ह्रास हुने अनुमान रहेको छ ।
- यस प्रदेशका विभिन्न निकायहरुबाट ल्याइएका तरकारी प्रवर्द्धन कार्यक्रमले व्यावसायिक कृषिमा बढ्दो आकर्षण, उन्नत बीउ विजन तथा प्रविधिको प्रयोग र तरकारी ब्लक कार्यक्रम सञ्चालनका कारण आगामी वर्षमा तरकारी उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।
- यस प्रदेशमा सुन्तला, आँप, केरा तथा कागतीको उत्पादकत्व राम्रो रहेको विभिन्न जिल्लाहरुमा फलफुल प्रवर्द्धन तथा बगैचा सुदृढीकरण कार्यक्रमहरु लागू भएका कारण आगामी वर्षमा पनि फलफूल उत्पादन उल्लेख्य मात्राले वृद्धि हुने अनुमान रहेको छ ।
- विभिन्न जिल्लाहरुमा मौरी तथा  तोरी प्रवर्द्धन कार्यक्रम लागू हुनु र थप कृषकहरु समेत मौरी पालनमा आकर्षित हुँदै जानाले आगामी वर्षमा मह उत्पादनमा वृद्धि हुने अनुमान रहेको छ ।
- गुल्मी, पाल्पा र अर्घाखाँची जिल्लाहरुमा विगत लामो समयदेखि व्यावसायिक रुपमा उत्पादित कफीले उचित बजार मूल्य पाउन नसक्नु तथा सरकारी निकायको समेत उचित ध्यानाकर्षण हुन नसक्दा कफी खेती तर्फ किसानहरुको आकर्षक घट्दै गईरहेको हुनाले आगामी वर्ष पनि यसको उत्पादनमा ह्रास आउने देखिन्छ ।
- समीक्षा वर्षमा देखापरेको लम्पी स्कीन रोगका कारण दुधजन्य उत्पादनमा प्रतिकुल प्रभाव परेता पनि व्यावसायिक पशुपालनमा कृषकहरुको आकर्षण, अनुदान तथा प्राविधिक सहयोगका कारण आगामी वर्षमा दुधजन्य उत्पादनमा केही वृद्धि हुने अनुमान रहेको छ ।
- यस प्रदेशका तराईका जिल्लाहरुमा माछाको व्यावसायिक उत्पादन सन्तोषजनक रहेकोले आगामी वर्षमासमेत माछा उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।
- संघीय तथा प्रदेश वन नियमावली, २०७९ लागू भएको तथा अधिकांश जिल्लाहरुमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम सञ्चालनमा रहेको कारण आगामी वर्षमा वनजन्य उत्पादनमा वृद्धि हुने अनुमान रहेको छ ।

## ८.२ औद्योगिक उत्पादन

- समीक्षा वर्षमा बजारमा औद्योगिक उत्पादनहरुको मागमा कमी, अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र औद्योगिक कच्चा पदार्थको मूल्यमा भएको वृद्धिका कारण प्रतिकूल भएको उद्योग क्षेत्र आगामी वर्षमा विप्रेषण आप्रवाहमा वृद्धि, नेपाल सरकार र नेपाल राष्ट्र बैंकले लिएका नितीगत सुधारका कदमका कारण बैंक ब्याजदरमा क्रमिक सुधार भई थप पुँजीको परिचालन तथा उत्पादन क्षमतामा विस्तार भई औद्योगिक उत्पादन केही बढ्ने अनुमान गरिएको छ ।

- यस प्रदेशमा उत्पादित सिमेन्ट केही मात्रामा भारतीय बजारमा निर्यात हुँदै आएको भएता पनि आन्तरिक मागमा आएको गिरावटका कारण समीक्षा अवधिमा सिमेन्ट उत्पादनमा केही ह्रास आएको छ । सरकार र निजी क्षेत्रको समन्वयमा आगामी वर्षमा भारतीय बजार विस्तार हुन सकेमा सिमेन्ट उत्पादन तथा निर्यातमा समेत वृद्धि हुन देखिन्छ ।

- समीक्षा वर्षमा भारतले गहुँको निर्यातमा लगाएको रोक, मूल्य वृद्धि लगायतका कारणले खाद्य उद्योगहरुको उत्पादनमा केही ह्रास आएको भएतापनि पछिल्लो समय भारतले गहुँ निर्यात खुल्ला गरेको कारण कच्चा पदार्थको मूल्यमा कमी हुँदै गएकाले आगामी वर्षमा खाद्य उद्योगहरुको उत्पादन वृद्धि हुने अनुमान रहेको छ ।

- औषधी उद्योगहरुलाई प्रोत्साहित गर्दै गुणस्तर सुधारमा थप ध्यान दिन सकेमा आगामी वर्षमा औषधीजन्य उत्पादनहरु वृद्धि हुने अनुमान रहेको छ ।

## ८.३ सेवा क्षेत्र

- यस प्रदेशभित्र लुम्बिनी केबलकार सञ्चालनमा आइसकेको तथा सिद्धार्थ केबलकार शीघ्र सञ्चालनमा आउने, पर्यटन तथा होटल क्षेत्रको विस्तार हुँदै गएको वर्तमान परिप्रेक्ष्यमा आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन सङ्ख्या क्रमिक रुपमा वृद्धि भई आगामी वर्षमा पर्यटन क्षेत्रमा रोजगारी बढ्ने अनुमान रहेको छ ।

- समीक्षा वर्षमा पर्यटकीय गतिविधिहरु सुचारु भई आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमनमा वृद्धि हुँदै गए सँगै लुम्बिनी प्रदेशका धार्मिक तथा अन्य पर्यटकीय स्थलहरुमा आगामी वर्षमा पर्यटकीय गतिविधिहरु बढ्न सक्ने देखिन्छ ।

- नेपाल सरकारको प्रत्येक स्थानीय तहहरुमा कम्तिमा १५ बेडको अस्पताल स्थापना गर्ने नीति लिएका कारण सामुदायिक तथा निजी अस्पताल/स्वास्थ्य केन्द्रमासङ्ख्या चिकित्सकको सङ्ख्या र शैया सङ्ख्यामा वृद्धि भई आगामी वर्षमा यस प्रदेशको स्वास्थ्य सेवा प्रवाहमा सुधार/वृद्धि हुने हुने देखिन्छ ।

- पेट्रोलियम पदार्थको उच्च मूल्य, विद्युतको नियमित आपूर्ति, विद्युतीय सवारी साधनहरुमा करका दरहरु न्यून हुनु, र सञ्चालन लागत कम हुनुका कारण प्रदेशभित्र विद्युतीय सवारीसाधनको प्रयोग आगामी वर्षमा बढ्ने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

- यस प्रदेश अन्तर्गतका पूर्व पश्चिम राजमार्गको नारायणगढ-बुटवल सडक खण्ड र बुटवल-गोरुसिंगे सडक खण्ड, बुटवल-पाल्पा तम्घास सडक खण्ड, सिद्धबाबा दोभान सडकखण्डमा सिद्धबाबा सुरुङ मार्ग, तिनाउ दानव कोरिडोर सडक र गोरुसिंगे-सन्धिखर्क सडक खण्ड लगायतका मुख्य सडकहरुको स्तरोन्नति गर्ने कार्य भइरहेको कारण यी आयोजनाहरु सम्पन्न भए पश्चात् सडक लगायत अन्य पूर्वाधारका क्षेत्रहरुमा अनुकुल प्रभाव पर्ने देखिन्छ ।

- निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरु मध्ये सिक्टा सिँचाई, बबई सिँचाई र भेरी बबई डाइभर्सन जस्ता सिँचाई आयोजनाहरुको निर्माण कार्य सम्पन्न पश्चात् यस प्रदेशका बाँके र बर्दिया जिल्लाहरुको खेतीयोग्य जमिनमा सिँचित क्षेत्रफल बढ्ने अनुमान रहेको छ ।

- लुम्बिनी प्रदेश सरकारले दाङको देउखुरीमा रहेको राप्ती उपत्यकामा राजधानी व्यवस्थापन, लुम्बिनी प्राविधिक विश्वविद्यालय, लुम्बिनी प्रादेशिक अस्पताल र पाल्पाको रामपुरदेखि सल्यानको कपुरकोट सम्मको सडकलाई प्रादेशिक गौरवका आयोजनाको रुपमा कार्यान्वयन गरी रहेकाले आगामी वर्षमा पूर्वाधार तथा रोजगारीका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने देखिन्छ ।

- यस प्रदेशभित्र लुम्बिनी केबलकार सञ्चालनमा आइसकेको तथा सिद्धार्थ केबलकार शीघ्र सञ्चालनमा आउने हुँदा बुटवल–पाल्पा क्षेत्रमा पर्यटक आवागमनमा वृद्धि भई रोजगारी समेत बढ्ने देखिन्छ ।